# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय सञ्चारको प्रणाली हो । भाषा संस्कृतको भाष् धातुमा 'आ' टाप प्रत्यय जोडिएर बनेको शब्द हो । भाषाको केन्द्रीय अर्थ बोली हो । भाषा अभिव्यक्तिको सशक्त माध्यम हो । भाषा विचार विनिमयको परम्परित माध्यम हो जसको प्रयोग प्रचलित ध्वनि सङ्केत वा लिपि चिह्नद्वारा हुने गर्दछ । यसलाई इच्छित भाव लक्षित तहसम्म पुऱ्याउने साधन मानिन्छ (भुसाल, २०७१ : १) ।

मानवीय विचारको सम्प्रेषणमा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । भाषा व्यक्तिको अपरिहार्य वस्तु हो । व्यक्ति भाषाकै चौघेरामा जन्मिन्छ र त्यही भाषिक वातावरणमा हुर्कदैं जान्छ । यही हुर्काई क्रमसगैं भाषा बुझ्ने अभ्यास स्वतः विकसित हुँदै जान्छ । अतः भाषा व्यक्तिका लागि परिचित वस्तुका रूपमा रहन्छ र उसले कुनै न कुनै भाषालाई आफ्नो जीवनको अभिन्न अङ्ग बनाएको हुन्छ ।

भाषा आर्जन र प्रयोगमा आधारित मानवीय व्यवहार हो ।  कुनै पनि भाषाका मौखिक र लिखित दुई माध्यम हुन्छन् । मौखिक माध्यम उच्चार्य र श्रव्य प्रक्रियामा आधारित हुन्छ र यसको प्रयोगमा वक्ता र श्रोता सामीप्य हुन्छन् । मौखिक भाषा ध्वन्यात्मक माध्यम भएकाले विचार विनिमयका लागि सरल सुगम प्रभावकारी हुन्छ । भाषाको वास्तविक रूप पनि मौखिक नै हो तर विभिन्न कारणले गर्दा मानव समाजमा लिखित भाषाको प्रयोग पनि हुन्छ । अतः भाषाको लेख्य माध्यम सिक्नु अनिवार्य हुन्छ । साक्षर बनेर लेखपढ गर्न जानी भाषालाई विभिन्न उद्देश्यले उपयोग गर्न क्षमता प्राप्त गर्न शिक्षामा लेख्य भाषाको अधिक महत्त्व रहन्छ ।

सिर्जनात्मक कला अन्तर्गत पर्ने मनोवाद एक महत्त्वपूर्ण कला हो । कुनै बिषय वा प्रसङ्गलाई लिएर एक्लो अवस्थामा आँफैसँग गरिने एकोहोरो कुराकानीलाई मनोवाद भनिन्छ । वक्ताको मनभित्र उब्जिएको तर्क, वितर्कको अभिव्यक्ति नै मनोवाद हो । यसलाई एकालाप वा स्वगत् कथन पनि भनिन्छ । मनोवादले पात्रको एक्लो गुनगुन वा मनमनै गरिएको कुरालाई जनाउँदछ । यो लिखित र मौखिक पनि हुनसक्छ । यसलाई रूपक विधाको

एउटा प्रकारका रूपमा लिइन्छ । रूपक विधा अन्तर्गत पर्ने विभिन्न विधाहरूमध्ये यो मनोवाद पनि एक प्रकारको हो । विद्यार्थीहरूलाई कुनै विषय दिई उक्त विषयप्रति मनमा खेल्ने कुराहरूको शृङ्खलाबद्ध लेखन नै मनोवाद हो । यसमा व्यक्तिको एक मनले प्रश्न गर्ने र अर्को मनले उत्तर दिने गर्दछ र जिज्ञासा शान्त पार्ने काम गर्दछ । मनोवादमा वादविवादमा जस्तो दुई वा दुई व्यक्तिबीचको विचारको खण्डन मण्डन नभई एउटै व्यक्ति भित्रका दुईवटा मन वा दुईवटा विचारबीचको अन्तर्द्वन्द्वको प्रस्फुटन  पाइन्छ । मनोवादले कुनै बिषयप्रति मानिसका मनमा आउने विशृङ्खलित सोचाइलाई सङ्गठित रूपमा राख्ने काम गर्दछ । आँफैप्रतिका अनुभूति, सम्झना, प्रतिक्रिया आदिलाई समावेश गरिने हुनाले मनोवादमा काल्पनिक पात्र नै भएपनि यसको वर्णन प्रथम पुरुषमै गरिन्छ । यसले मनको खुलदुलीलाई तर्कवितर्कका साथ प्रस्तुत गर्दछ, जसले पात्रको मानसिक अवस्थालाई देखाउँछ । यसमा पात्रले आफ्नै मनसँग गरेका प्रश्नोत्तर, सहमति/असहमत तथा कल्पनाको उडानलाई पनि चित्रण गरिएको हुन्छ (बराल र एटम, २०६३ : २९०) ।

मनोवाद एउटा यस्तो अभिव्यक्ति हो जसमा मान्छेको मनभित्र उब्जिएका विभिन्न भावनाहरूको प्रकटीकरणमा केन्द्रित रहेको हुन्छ । सामान्य अर्थमा मनोवाद भन्नाले एक्लै मनमनै कुरा गर्नु, एकालाप गर्नु वा गुन्गुनाउनु पनि मनोवाद हो । यसमा भेषभूषा, रूपरङ्ग, मुखमुद्रा, हाउभाउ, अङ्ग सञ्चालन चेष्टा र अभिनयको जीवन प्रस्तुति गरी मनस्थिति र संवेगहरूको प्रत्यक्ष प्रदर्शन गर्ने काम मनोवादमा हुन्छ । मनोवाद एकालाप शैलीमा आत्मपरक प्रस्तुतिमा लेखिन्छ । कुनै खास विषयलाई लिएर मानिसले कल्पना गर्ने गर्दछ तथा कुनैपनि विषयमाथि मानिसले आफैँसँग कुराकानी गर्ने गर्दछ । कुनै पनि विषयमाथि वा कुनै कुराप्रति कुनै घटनाप्रति मानिसका मनभित्र पैदा हुने कल्पना, द्विविधा आदिलाई कुरा गराइको शैलीमा अभिव्यक्ति गरिन्छ ।

भाषा पाठ्यपुस्तकमा मनोवाद विधा समावेश गर्नुको अर्थ मौखिक अभिव्यक्तिका लागि भाषेत्तर अभिनय कलाको उन्नयन र विकास गर्न मद्दत गर्नु हो र मनोवाद रचना गर्नु सिकाउनु पनि हो । त्यसैले मनोवाद लेखन एउटा महत्त्वपूर्ण विषय हो । यसले विद्यार्थीहरूमा लेखन सीपको विकास गराउन सकिने भएकाले यसै क्रममा लेखाइ सीपको विशिष्ट उद्देश्य प्राप्तिका लागि कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमता समस्याहरूको निराकरणका लागि प्राप्त निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्नु

रहेको छ । प्रस्तावित अध्ययन मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्या कथन

भाषा विचार विनिमयको साधन हो । भाषाको प्रयोग क्षेत्र समाज हो, जब बालकको जन्म हुन्छ । त्यस बेलादेखि नै उसले भाषाका माध्यमबाट सामाजिक जीवन निर्वाह गर्न थाल्दछ । भाषा सिकाइका मुख्यतः चारवटा सीप हुन्छन् ती हुन् सुनाइ, बोलाइ, पढाइ, लेखाइ । सुनाइ र पढाइ आदानात्मक भाषिक सीपहरू हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक भाषिक सीप हुन् । मानव विकासको सुरूवातसँगै सुरूमा सुनाइ र बोलाइबाट नै भाषाको आर्जन भए तापनि आफ्ना अभिव्यक्ति स्थिरता र चिरस्थायी बनाउनका लागि लेखन सीपको आवश्यकता पर्दछ । व्यक्तिका मनका गुम्सिएर रहेका विचारहरूलाई व्यक्त गर्ने महत्त्वपूर्ण माध्यम भनेको लेखाइ हो । भाषिक सीपले लेखाइ अभिव्यक्तिलाई प्रौढता, परिपक्वता, स्तरीयता र स्थायित्वमा सहयोग पुऱ्याउने मनोवाद लेखन सीपलाई विकास गराउने महत्त्वपूर्ण आधारशीला हो । भाषा सिकाइका क्रममा चारवटै सीपहरू एक आपसमा अन्तर्सम्बन्धित रहेको हुनाले विद्यालयको तल्लो तहदेखि यस्ता सीपको विकास गर्दै लैजानुपर्दछ ।

जुनसुकै विषयमा पनि अनुसन्धान गर्दा कुनै न कुनै समस्या हुन्छ । अनुसन्धानका लागि छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई समस्याको रूपमा प्रस्तुत गरिन्छ । अनुसन्धानबिना कुनैपनि समस्याको समाधान गर्न नसकिने भएकाले अनुसन्धानका लागि चयन गरिएको अनुसन्धेय शीर्षकको विषयवस्तु नै अनुसन्धानको समस्या हो ।

शिक्षा क्षेत्रमा खासगरी भाषा शिक्षणका क्षेत्रमा विद्यालय तहदेखि नै मनोवाद लेखन क्षमता सम्बन्धी विषयवस्तु समावेश गरिएको छैन त्यसकारण पनि व्यक्तिको सिर्जनात्मक क्षमतालाई लेखनका माध्यमबाट प्रस्ट पार्नका लागि पनि विद्यालय तहदेखि नै मनोवाद लेखन क्षमता सम्बन्धित विषयवस्तु पाठ्यपुस्तक समावेश गरिनु आवश्यक देखिन्छ । व्यक्तिको मनोभावमा उब्जेका विभिन्न तर्क वितर्कको कारणबाट व्यक्तिको मुख, चेहरामा देखिने विभिन्न सन्दर्भ अनुसारका परिवर्तनहरू नै मनोवादका प्रत्यक्ष क्रियाकलाप हुन् । मनोवाद लेखन शिक्षण गर्ने क्रममा आ-आफ्नै प्रक्रिया, तरिका, विधि अपनाइने गरे तापनि

वर्तमानमा आइपुग्दासम्म मनोवाद शिक्षण कसरी गर्ने विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा मनोवाद लेखन क्षमताको अध्ययन कसरी गर्ने भन्ने सन्दर्भमा कुनैपनि अनुसन्धेय कार्य भएको पाइँदैन । अतः मनोवाद लेखन क्षमतालाई केन्द्रबिन्दु बनाएर अध्ययन गर्नु नै यस अनुसन्धानको महत्त्वपूर्ण कार्य हो । विद्यार्थीहरूले मनोवाद लेखन सीपमा के-कस्ता दक्षता प्राप्त गरेका छन् र उनीहरू आफ्ना विचारलाई के कति शृङ्खलाबद्ध रूपमा अभिव्यक्ति गर्न सक्दो रहेछ ? भन्ने विषय यस अध्ययनको समस्याको रूपमा रहेका छन् । विशेष गरी विद्यार्थीहरूमा मनोवाद लेखन अभिव्यक्ति क्षमताको शीर्षकसँग सम्बन्धित समस्याहरू निम्नानुसार रहेकाछन् :

क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमता कस्तो छ ?

ख) विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको मनोवाद लेखन अभिव्यक्ति क्षमता कस्तो रहेको छ ?

ग) लैङ्गिकताका आधारमा उक्त विद्यार्थीहरूको मनोवाद लेखन क्षमता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्य सफल र प्रभावकारी बनाउनका लागि निश्चित लक्ष्य र उद्देश्यहरू हुनुपर्दछ । प्रस्तुत शोधकार्यको उद्देश्यहरू निम्न लिखित रहेकाछन् :

क) कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको मनोवाद लेखन क्षमता पहिल्याउनु,

ख) विद्यालयको प्रकृतिको आधारमा उक्त विद्यार्थीहरूको मनोवाद लेखन क्षमता पहिल्याउनु,

ग) लैङ्गिकताका आधारमा मनोवाद लेखन क्षमताको तुलना गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्त्व

कुनैपनि विषयवस्तुको अध्ययन गर्नुको केही न केही उद्देश्य रहेको हुन्छ । त्यसमा पनि भाषा मानवीय र सामाजिक विषय हो । भाषाको उत्पत्ति र विकास नभएको भए आजको दुनियाले यो सभ्यता प्राप्त गर्न सक्दैनथियो । भाषाको अनुपस्थितिमा मानव जीवनको कल्पनासम्म गर्न सकिन्न । भाषाले सामाजिक जीवनका गतिविधिहरूसँग प्रत्यक्ष

रूपमा सम्बन्ध स्थापित गरेको हुन्छ । भाषाको प्रमुख कार्य विचार आदान प्रदान गर्नु विचारको विनिमय लिखित र मौखिक अभिव्यक्तिबाट मात्र सम्भव रहेको हुन्छ । भाषाको मूल रूप मौखिक नै हो । त्यस पछिको विकसित रूप भनेको लिखित हो । विभिन्न शैक्षिक गतिविधि र प्रशासनिक कामकाजका लागि लिखित रूपकै प्रयोग गरिन्छ । त्यसैले मौखिक भाषा सम्प्रेषणका लागि आधारभूत हो भने लिखित चाँहि विकसित रूपमा लिन सकिन्छ । सामान्य रूपमा लेखपढ गर्न जान्नु भनेको भाषाको कथ्य रूपलाई लेख्य रूपमा ढाल्ने क्षमताको विकास गर्दै जानु हो । मानवीय ज्ञान तथा अनुभवलाई लेख्य रूपमा ढाल्ने क्षमताको विकासले मानिस सभ्य बन्दै जान्छ । मानवीय ज्ञान तथा अनुभवलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसम्म व्यापक गराउनु भाषाको लिखित रूपले नै ठुलो भूमिका खेलेको हुन्छ । त्यसैले शिक्षाको क्षेत्रमा विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म नै लेखाइ सीपको विकास गर्दै लैजान आवश्यक  छ ।

अनुसन्धान कार्य जुनसुकै विषयवस्तु र शीर्षकमा गर्न खोजे पनि आफैँमा कठिन र चुनौतीपूर्ण कार्य हो । कुनैपनि विषयवस्तु वा अध्ययनले आफ्नै महत्त्व बोकेको हुन्छ । त्यसैले मनोवाद लेखनको पनि आफ्नै महत्त्व रहेको पाइन्छ । भाषा शिक्षण भनेको नै भाषिक सीपहरूको शिक्षण हो । त्यसैले भाषाका चार सीपमध्ये लेखाइ सीप लिखित अभिव्यक्तिको पक्ष समेट्ने ज्यादै महत्त्वपूर्ण सीप हो । लेखाइ सीप वा कलाको विकासमा मनोवाद लेखनको अतुलनीय योगदान रहेको छ ।

कुनै पनि अध्ययन अनुसन्धान आफैँमा महत्त्वपूर्ण र चूनौतीपुर्ण हुन्छ । सन्दर्भ र औचित्य बिनाको कार्यले अध्ययन अनुसन्धानलाई गन्तव्यमा पुऱ्याउन सक्दैन । भाषिक सीपहरूको शिक्षण नै भाषा शिक्षण भएकाले यससँग सम्बन्धित अनुसन्धान पनि अति सान्दर्भिक हुन्छ ।

साहित्यका विभिन्न विधाहरूमध्ये रूपक विधा अन्तर्गत मनोवाद लेखन अभिव्यक्तिलाई लिन सकिन्छ । यसले मानसिक तथा तार्किक सिर्जनात्मक क्षमताको विकास गर्न सहयोग पुऱ्याउँदछ । वादविवाद विभिन्न साहित्यिक विधामध्ये स्वतन्त्र विधा अन्तर्गत रहेर छुट्टै विधाको रूपमा आफूलाई परिचित गराउन सफल भएको छ । विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रमहरूमा मनोवाद मिश्रण तथा मनोवाद लेखन शिक्षणलाई विशेष महत्त्वका साथ हेरिएको छ । साहित्यका विभिन्न विधा अन्तर्गत उत्कृष्ट विधाका रूपमा

मनोवादलाई लिन सकिन्छ । जसले विद्यार्थीको सिर्जनात्मक क्षमतालाई अगाडि बढाउन सहयोग गर्ने गर्दछ । मूलतः मनोवादलाई व्यक्तिको मनका कुराहरूलाई सिलसिलाबद्ध लिपिबद्ध गराउनका निम्ति शिक्षण गरिन्छ । मनोवाद आफैँमा गहन र जटिल विधा हो । यसलाई सिर्जनात्मक स्वतन्त्र लेखनका रूपमा पाठ्यक्रमले पनि सम्बोधन गरेको छ । मनोवादले आफ्नै अस्तित्व खोजिरहेको अवस्थामा हालसम्म पनि मनोवाद लेखन सम्बन्धी राम्रो अनुसन्धान नभएको अवस्थामा यसको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

भाषिक सीप विकासमा पनि मनोवाद लेखनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यार्थीहरूको लेखन क्षमतामा आवश्यक विकास नभएको खण्डमा आधारभूत तहका लागि तयार पारिएको पाठ्यक्रमको उद्देश्य के कति पुरा हुन सके त्यसका लागि लेखन क्षमताको अध्ययन गर्न आवश्यक देखिन्छ । भाषा पाठ्यक्रमविद्लाई पाठ्यक्रममा सुधार एवम् परिमार्जन गर्न, पाठ्यपुस्तकमा प्रभावकारी एवम् उद्देश्यमूलक विषयवस्तुको चयन गर्न, शिक्षकलाई विद्यार्थीको स्तरीय रूपबाट शिक्षण विधि एवम् प्रक्रियालाई अगाडि बढाउन र समग्रमा विद्यार्थीको लेखन क्षमतालाई बुझ्रेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, व्यवस्थित उद्देश्यमूलक बनाउन लेखन क्षमताको सहयोगबाट सहयोग पुग्ने हुँदा यस अध्ययनको महत्त्व रहेको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले पनि अन्य लेखाइका साथै मनोवाद लेखनमा त्रुटिहरू गरेको पाइन्छ । यस्ता त्रुटिहरूमा वर्ण विन्यास, विराम चिह्नको प्रयोग, वाक्य गठनमा पर्ने समस्या, व्याकरणगत त्रुटि आदि रहेको छन् । यिनै समस्याहरूलाई समाधान गर्दै सुझाव पेश गर्नु आवश्यक देखिएको छ, त्यसैले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन शीर्षकमा गरिएको अनुसन्धान विद्यार्थीको मनोवाद लेखन क्षमता भरपर्दो माध्यम तथा स्वतन्त्र सिर्जनात्मक लेखन क्षमता जाँच्ने माध्यम मनोवाद लेखन अभिव्यक्ति क्षमतामा हुने भएकाले यसको औचित्य स्पष्ट देखिन्छ ।

आफुले अध्ययन गर्न लागेको विषयको उपयोगिता के कस्तो रहेको छ, प्रस्तुत अध्ययनले कुन कुन पक्षलाई सहयोग गर्न सक्छ भन्ने कुरा नै अध्ययनको महत्त्व वा औचित्य हो । प्रस्तुत अध्ययन मूलतः नेपाली भाषा अध्ययनरत शिक्षार्थी र अध्यापन गराइरहेका शिक्षकहरूका निम्ति विशेष उपयोगी हुनेछ । प्रस्तुत अध्ययनसँग सम्बन्धित अध्ययन गर्ने अध्ययनकर्ता/शोधार्थीहरूका निम्ति पनि यो उपयोगी बन्नेछ । मनोवाद

लिखित अभिव्यक्ति क्षमता र सिर्जनात्मक लेखनको एउटा पाटो हो । त्यसैले विद्यार्थीको मनोवाद लेखन क्षमता पहिचान गरी आवश्यक सामग्री र शैक्षिक क्रियाकलाप सञ्चालनमा यस अध्ययनले सूचना प्रवाह गर्नेछ । प्रस्तुत अध्ययन विद्यार्थीहरूका लिखित अभिव्यक्ति क्षमता पहिचान गर्न चाहने जो कोही व्यक्ति, संघ संस्था तथा अन्य सरोकारवालाहरूका लागि पनि जानकारीमूलक बन्नेछ । समग्रमा भन्दा लेखाइ सीपसँग सम्बन्धित जुनसुकै पक्षको विकासका निमित्त प्रस्तुत अध्ययन निकै सहयोगी हुनेछ ।

## १.५ अध्ययनको सीमाङ्कन

हरेक सजीव प्राणी त आआफ्नै सीमामा बाँधिएको हुन्छन् । भाषाजस्तो महत्त्वपूर्ण पाटो त्यसमा पनि लेखन कार्यको त आफ्नै मुख्य विशेषता र मान्यता रहेको हुन्छ । त्यसैले अध्ययन अनुसन्धानजस्ता कार्यलाई अगाडि बढाउनका निम्ति अत्यन्तै आवश्यकता पर्दछ । यस अन्तर्गत ठाउँ, परिवेश, स्थान, सामग्री आदि जस्ता विषयवस्तुहरूको प्रयोग अनुसन्धानमा अति आवश्यक हुने गर्दछ । कुनैपनि अध्ययन अनुसन्धानलाई पूर्णता दिन महत्त्वपूर्ण पक्षलाई निश्चित सीमाभित्र समेटेर अध्ययन गर्नुपर्ने हुन्छ ।

अनुसन्धानको विषय आफैँमा विस्तृत र व्यापक हुन्छ । अनुसन्धान कार्य जटिल, कठिन र चुनौतीपूर्ण कार्य हो । उक्त कठिन कार्य सम्पन्न गर्नका लागि अध्ययनको क्षेत्रलाई स्पष्टसँग किटान गर्न कुन विषयको के र कति अध्ययन गर्ने भनी उल्लेख गर्नु पर्दछ । यसरी खास विषय शीर्षकसँग सम्बन्धित ठूलो क्षेत्रलाई विशिष्टीकृत गरिने कार्य सीमाङ्कन हो । शोधकार्यको सीमाङ्कनबाट नै अनुसन्धानको क्षेत्र, समयावधि, आर्थिक भार आदि कुराको बारेमा स्पष्ट जानकारी हुन्छ । अतः प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

क. कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमतामा मात्र सीमित रहेको छ ।

ख. प्रस्तुत अध्ययन मोरङ जिल्लाको ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका विद्यार्थीहरूमा मात्र केन्द्रित रहेर परीक्षण गरिएको छ ।

ग. सामुदायिक र संस्थागत प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीका दरले जम्मा १०० जना विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

घ. छात्र र छात्राबिचको मनोवाद लेखनको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

ङ. सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको तुलनात्मक अध्ययन पश्चात् जनसंख्या नमुनाबाट प्राप्त तथ्यका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र मनोवादको सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

शोध कार्यको थालनी गर्नुभन्दा पूर्व सम्बन्धित विषय क्षेत्रमा भए गरिएका अध्ययन कार्यको समीक्षा गर्नुलाई पूर्वकार्यको समीक्षा भनिन्छ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यो शोध समस्याको निर्माण गर्नुभन्दा पहिले सुरु हुन्छ र अनुसन्धान प्रतिवेदन तयार भई सकेपछि मात्र समाप्त हुन्छ । अर्थात् अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यस अघि के कस्ता कार्य सम्पन्न भएका छन् ती कार्यहरूको व्यवस्थित र क्रमबद्ध टिप्पणी गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्व कार्यको समीक्षा अनुसन्धानकर्ताले गरेको काम मौलिक होस् र त्यो काम नदोहोरियोस् भन्ने उद्देश्यले गरिएको हुन्छ । यसका साथै समस्यालाई स्पष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न, यथास्थितिबाट अगाडि बढ्न, अनुसन्धानकर्ताको सम्बन्धित विषयको ज्ञान क्षेत्र फराकिलो पार्नका लागि पूर्वकार्यको पुनरावलोकन आवश्यक हुन्छ ।

वर्तमानलाई विगतले गतिशील बनाउने हुँदा आफूले गर्न लागेको अनुसन्धानलाई प्रभावपूर्ण र उद्देश्यमूलक बनाई सही गोरेटोमा हिँडाउन प्रत्यक्ष रूपमा सम्बन्धित पूर्वकार्य अध्ययनको भूमिका महत्त्वपूर्ण रहन्छ । अनुसन्धानकर्ताको सम्बन्धित विषयको ज्ञान फराकिलो पार्नका लागि पूर्व ज्ञानको समीक्षा आवश्यक देखिन्छ तसर्थ शोधकार्य गर्नुपूर्व सम्बन्धित विषय शीर्षकमा सम्पन्न गरेका अनुसन्धानको अध्ययन गर्नु आवश्यक हुन्छ । लेखन क्षमता सम्बन्धी विभिन्न शीर्षकहरूमा अनुसन्धान भएको पाइन्छ । ती अध्ययन अनुसन्धानहरूले लेखाइ सीप विकासको केही सीमित क्षेत्र ओगटेको पाइन्छ । लेखाइ सीपसँग सम्बन्धित निबन्ध लेखन, कथा लेखन, सारांश लेखन, दैनिकी लेखन, अनुच्छेद लेखन आदि अध्ययनहरू भएका छन् । शोध कार्यको अध्ययनको लागि लेखन क्षमता सम्बन्धी भएका विभिन्न अनुसन्धानात्मक शोधपत्र लगायतका केही पुस्तकहरूको सहायता लिइएको छ ।

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययन गर्नुपर्ने भएकाले, यो शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धानका अध्ययनलाई आधार

मानेर हेर्दा यो शीर्षकमा खासै अनुसन्धान नभएका र केही लेखाइसँग सम्बन्धित अन्य शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । त्यसैले यहाँ पूर्वकार्यका रूपमा अनुसन्धानमूलक शोधकार्यका निष्कर्षहरू बढी मात्रामा समावेश गर्न अनुकूल नभएकाले विभिन्न विद्वान्हरूद्वारा तयार पारिएका भाषा र मनोवादसँग सङ्क्षिप्त जानकारी सम्बन्धी पाठ्यांशहरूको चर्चा गरिएको छ । प्रस्तुत अध्ययनसँग सम्बन्धित केही अनुसन्धान कार्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### २.१.१ पुस्तक पुनरावलोकन

ढकाल (२०६२) द्वारा 'नेपाली भाषा शिक्षण र प्रयोग' नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न व्यावहारिक लेखन सम्बन्धी कुराहरूको चर्चा गरेको पाइन्छ । उक्त पुस्तकमा नेपाली शिक्षणका सहक्रियाकलाप भन्ने शीर्षक राखेर त्यो शीर्षक अन्तर्गत रहेर मनोवादको परिचय, मनोवादको शिक्षण आवश्यकताको बारेमा उल्लेख गरेको पाइन्छ । यसमा मनोवाद कसरी लेख्ने, मनोवादलाई कक्षाकोठामा कसरी शिक्षण गर्ने, यसको शिक्षण प्रस्तुतीकरण कस्तो हुने जस्ता विभिन्न पक्षहरूमा चर्चा गरिनुका साथै शिक्षण विधिका बारेमा पनि उल्लेख गरेको पाइन्छ भने लेखनमा देखापर्ने सम्भावित त्रुटिहरूको भने चर्चा गरेको पाइँदैन । यस अध्ययनले प्रस्तुत अध्ययनको निम्ति सैद्धान्तिक अवधारणा तयार गर्न सहयोग पुगेको छ ।

बराल र एटम (२०६३) द्वारा 'माध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास' पाठ्यपुस्तकमा मनोवादको परिचयमा कुनैपनि विषय वा प्रसङ्गलाई लिएर एक्लो अवस्थामा आफैसँग गरिने एकोहोरो कुराकानीलाई मनोवाद भनिन्छ । मनोवादले पात्रको एक्लो गुनगुन वा मनमनै गरिएको कुरा भन्ने बुझाउँछ यसलाई एकालाप वा स्वगत कथन पनि भनिन्छ । मनोवादले कुनै विषयप्रति मानिसका मनमा आउने विशृङ्खलित सोचाइलाई संगठित रूपमा राख्ने काम गर्दछ । आफैप्रतिका अनुभूति, सम्झना, प्रतिक्रिया आदिलाई समावेश गरिने हुनाले मनोवादमा काल्पनिक पात्र नै भए पनि वर्णनचाहिँ प्रथम पुरूषमै गरिन्छ । यसले मनको खुलदुलीलाई तर्कवितर्कका साथ प्रस्तुत गर्दछ, जसले पात्रको मानसिक अवस्थालाई देखाउँदछ । यसमा पात्रले आफ्नै मनसँग गरेका प्रश्नोत्तर, सहमति/असहमति तथा कल्पनाको उडानलाई पनि चित्रण गरिएको हुन्छ (बराल, एटम २०६३ : २९०) । यसरी यस पुस्तकमा मनोवाद लेखन अभ्यासबाट लेखन कलाको विकासका लागि विभिन्न तरिकाले

सहयोग पुग्न सक्ने कुरा चर्चा गरिएको छ । प्रस्तुत पाठ्यपुस्तकको उद्देश्य माध्यमिक तहसम्मका विद्यार्थीहरूले लेखन क्षमताको विकास गर्न मनोवाद लेखन कसरी गर्ने, सो को लेखनको चरणहरू कति छन् र यस पुस्तकको अध्ययनले मनोवाद लेखन के हो ? यसलाई कसरी चरणबद्ध रूपमा कसरी लेख्न सकिन्छ भन्ने कुरा थाहा पाउन सकिन्छ त्यसैले यस पुस्तकको अध्ययन उपयोगी र सान्दर्भिक ठानिन्छ ।

काफ्ले र काफ्ले (२०६५) द्वारा लिखित 'नौलो नेपाली व्याकरण रचना र अभ्यास' नामक पुस्तकमा मनोवादको परिचयमा कुनै विषयमा मनमा उब्जेका तर्क वितर्कहरूको अभिव्यक्तिलाई नै मनोवाद भनिन्छ । यसलाई एकालाप, एकोहोरो कुराकानी र स्वगत कथन पनि भनिन्छ । मानिसका मनमा विचारहरू सधैँ एकैनास रहदैनन् । यी विचारहरू सदैव परिवर्तनशील हुन्छन् । त्यसैले मनोवादमा तत्क्षण परिवर्तन हुने मनोभावनाको अभिव्यक्ति हुन्छ । यसमा व्यक्तिको सोचाइ, कल्पना, स्मृति, पश्चाताप, द्विविधा आदिले अभिव्यक्ति पाएका हुन्छन् (काफ्ले र काफ्ले २०६५, पे.१७६) । अर्थात् कुनै विषयमा उब्जेका तर्कवितर्कको अभिव्यक्तिलाई मनोवादको रूपमा लिइएको छ । त्यसैगरी मनोवाद लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरू जस्तै स्थान, समय, पात्र र मानसिक उतारचढावलाई स्पष्ट देखाउनुपर्ने, मनोवाद लेख्दा प्रथम पुरूष शैलीको प्रयोग गर्नुपर्ने, विचारका शृङ्खलालाई क्रमबद्ध रूपमा राख्नुपर्ने कुराको जानकारी दिइएको छ साथै एउटा नमुनालाई समेत उदाहरणको रूपमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत पुस्तकले मनोवाद लेखनको अध्ययनमा समेत सहयोगी भूमिका खेल्ने हुनाले यसलाई महत्त्वपूर्ण सामग्रीको रूपमा लिइएको छ ।

श्रेष्ठ र पोखरेल (२०६८) द्वारा लिखित 'प्रयोगात्मक नेपाली व्याकरण र रचनाशिल्प' नामक पुस्तकमा बोध र अभिव्यक्ति क्षमता अन्तर्गत मनोवादको परिचयमा कुनै विषयमा यसो गरुँ कि उसो गरुँ भनी दोधारमा परेका बखत पात्रले आफ्नै मनभित्र गर्ने कुराकानीलाई मनोवादको रूपमा लिइएको छ । मनोवाद प्रथम पुरुषशैली र एकवचनमा लेखिन्छ । मनोवादका लागि कुनै घटना वा सन्दर्भले उत्प्रेरकको भूमिका निर्वाह गर्दछ । त्यसका साथै प्रस्तुत पाठ्यपुस्तकमा मनोवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू शीर्षक चयन, स्थान, समय र पात्रको नाम रखाइ, सम्बन्धित विषयको पृष्ठभूमि, आवश्यकता अनुसार एकभन्दा बढी अनुच्छेदमा लेख्न सकिने जस्ता कुरालाई पनि विशेष प्राथमिकताका साथ प्रस्तुत गरिएको

छ । यसरी मनोवाद लेखनलाई प्रस्तुत पुस्तकमा उल्लेख गरिए अनुसार शिक्षण गर्नाले विद्यार्थीहरूमा मनोवादसँग सम्बन्धित द्विविधा हट्न गई यस प्रस्तावित शोधकार्यलाई समेत अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने हुनाले यसलाई सहयोगी सामग्रीको रूपमा लिन सकिन्छ ।

पौडेल (२०७०) द्वारा लिखित 'भाषिक विधा शिक्षण' नामक पुस्तकमा मनोवादको परिचय दिई भाषा पाठ्य पुस्तकमा मनोवाद उपविधा समावेश गर्नुको अर्थ मौखिक अभिव्यक्तिको लागि भाषेत्तर अभिनय कलाको उन्नयन र विकास गर्न मद्दत साथै आंशिक रूपमा मनोवाद रचना गर्न सिकाउनु पनि हो भनी मनोवादका बारेमा खुलाइएको छ । प्रस्तुत पाठ्यपुस्तकको उद्देश्य माध्यमिक तह सम्मका विद्यार्थीहरूले सर्वप्रथमतः मनोवाद लेखन के हो ? लेखन क्षमताको विकास गर्न मनोवाद लेखन कसरी गर्ने ? यी र यस्ता विविध जानकारीसहित यसको विशिष्ट शिक्षण प्रयोजनहरूलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ । साथमा विशिष्ट शिक्षण प्रक्रिया जसमा सस्वर पठन, उच्चारण पठन, शब्दार्थ, शब्द प्रयोग, पठन बोध, व्याख्या विवेचनाजस्ता अभ्यास आवश्यकता अनुसार गराउन सकिन्छ भनी यस पुस्तकमा मनोवादलाई स्थान दिइएको छ ।

प्रभाती र अन्य (२०७२) द्वारा 'निबन्ध रचना शिल्प' नामक पुस्तकमा विभिन्न निर्देशित रचनाहरूको रचना प्रक्रियाका बारेमा चर्चा गरेको पाइन्छ । विभिन्न सिर्जनात्मक रचनाहरूको चर्चा गर्ने क्रममा स्वतन्त्र रचना अन्तर्गत पर्ने मनोवाद रचनाको पनि चर्चा गरेको छ । यसमा मनोवादको सामान्य परिचय, मनोवादको लेखन प्रक्रिया तथा मनोवादको प्रस्तुतीकरण सम्बन्धी चर्चा गरिएको पाइन्छ र मनोवाद लेखनका आवश्यक प्रक्रियाहरूको पनि उल्लेख गरिएको पाइन्छ भने मनोवाद लेखनमा हुने त्रुटिहरूको भने कुनैपनि चर्चा भएको पाइदैंन । मनोवाद लेखनका क्रममा रचना गर्ने तरिका त्यसैगरी उक्त प्रस्तुत अध्ययनको उद्देश्य समस्या पहिचान गर्न सहयोग गर्दछ ।

कक्षा दशको अनिवार्य नेपालीमा मनोवादको शिक्षणलाई समावेश गरिएको पाइन्छ । अनिवार्य नेपालीमा मनोवाद पठनका रूपमा मात्र समावेश गरिएको छ , त्यसमा मनोवाद लेखन तथा शैलीका बारेमा केही उल्लेख गरिएको छैन । कुनै शीर्षकमा लेखेको मनोवादलाई मात्र पठनबोधका रूपमा राखिएको पाइन्छ तर मनोवादको परिचय र मनोवाद लेखन प्रक्रिया समावेश गर्नु आवश्यक रहेको पाइन्छ ।

### २.१.२ शोधपत्र पुनरावलोकन

निरौला (२०६२) द्वारा 'कक्षा नौ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । प्रस्तुत अध्ययनका उद्देश्यहरू कक्षा नौ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, मातृभाषी र विमातृभाषी नेपाली विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना गर्नु, उनीहरूका कमी कमजोरी पत्ता लगाई निराकरण गर्नु र सुझाव दिनु रहेका छन् । प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधिद्वारा नमुनाका रूपमा काठमाडौं उपत्यकाका १२ वटा विद्यालयका जम्मा १२० जना विद्यार्थीहरू रहेकाछन् । विद्यार्थीहरूलाई दिइएको शीर्षकको परीक्षण पश्चात् नतिजाको व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधमा सामुदायिक विद्यालयको तुलनामा छात्राहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ । अनुसन्धानका क्रममा देखिएका कमी कमजोरीहरू निराकरणका लागि सुझावहरू प्रस्तुत गर्दै निबन्ध लेखनका थप आधार प्रदान गरेको छ । यस शोधको अध्ययनले यस प्रस्तावित शोधकार्यको लागि आधार सामग्रीको रूपमा उपयोगी देखिन्छ ।

भण्डारी (२०६३) द्वारा 'कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्य कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको सामर्थ्यको अध्ययन गर्नु, संस्थागत तथा सामुदायिक विद्यालयको विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना गर्नु तथा ग्रामीण र सहरी क्षेत्रका विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको अध्ययन गर्नु साथै लैङ्गिकताका आधारमा छात्र, छात्राको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु रहेको छ । प्रस्तुत शोध क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी नमुना छनोटको रूपमा उपत्यकाका सामुदायिक र संस्थागत गरी १० ओटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरू रहेकाछन् । तथाङ्क संकलन गर्ने क्रममा दिइएको शीर्षकको परीक्षण पश्चात् तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी त्यसैको आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । विश्लेषणको क्रममा आएका कुरालाई निष्कर्षमा बुँदागत रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधको अध्ययनले यस प्रस्तावित शोधकार्यको लागि आधार सामग्रीको रूपमा उपयोगी देखिन्छ ।

खतिवडा (२०६४) द्वारा 'कक्षा सात पुरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । नमुना सर्वेक्षण विधिको प्रयोग गरिएको उक्त शोधपत्रमा कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता पहिचान गर्ने, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा अन्य मातृभाषी नेपाली विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा छात्र र छात्राहरूको निवेदन लेखन क्षमताको तुलना गरी कमीकमजोरीहरू पहिचान गर्नु र सुधारात्मक सुझावहरू दिनु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त अध्ययनमा ६७ प्रतिशत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमतामा ५० प्रतिशतभन्दा माथि रहेको पाइएको छ । त्यसैगरी सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू चिठी तथा निवेदन क्षमता उच्च रहेको पाइएको छ । नेपाली मातृभाषी तथा अन्य मातृभाषी नेपाली विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमतामा खासै भिन्नता नपाइएको र लैङ्गिक आधारमा छात्राहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनामा सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । समग्रमा यस शोधपत्रको मुख्य उद्देश्य उनीहरूका कमी कमजोरी पत्ता लगाई निराकरण गर्नु र सुझाव दिनु रहेका छन् । उक्त अध्ययनबाट प्रस्तुत शोधपत्रका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्नका लागि सहयोग पुगेको छ ।

घिमिरे (२०६६) द्वारा 'काठमाडौं जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' गरिएको छ । काठमाडौं जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, भाषिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु, निबन्ध लेखनमा देखा परेका कमजोरी औंल्याई निराकरणको लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्यहरू रहेका छन् । अध्ययनमा क्षेत्रीय सामग्री संकलन विधि अपनाइएको पाइन्छ । यस अध्ययनमा विद्यार्थीको लेखन सीपको विकासका साथै सिर्जनात्मक क्षमता विकास सम्बन्धी के कसरी गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । प्रस्तावित शोधलाई सही निष्कर्षमा पुऱ्याउन विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा सप्रसङ्ग व्याख्या लेखनको तुलनात्मक अध्ययन गर्न यो अध्ययन उपयोगी ठानिन्छ ।

भण्डारी (२०६६) द्वारा 'कक्षा एघारमा अध्ययनरत विद्यार्थीको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस शोधमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन नामक शोध प्रस्तुत शीर्षकसँग मिल्दो अनुसन्धान हो । यस शोधमा विद्यार्थीहरूको सारांश लेखन सीप विकासका साथै सिर्जनात्मक क्षमताको विकास के कसरी गर्न सकिन्छ जस्तो जानकारी दिइएको छ । उक्त शोधको उद्देश्य कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको पहिचान गर्नु, अङ्ग्रेजी र नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तहका विद्यार्थीको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन, फरक फरक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिक छात्र र छात्रा विद्यार्थीको तुलनात्मक अध्ययन गर्न उनीहरूका कमी कमजोरी पत्ता लगाई निराकरण गर्नु र सुझाव दिनु रहेको छन् । उक्त अध्ययनबाट प्रस्तुत शोधपत्रका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्नका लागि सहयोग पुगेको छ ।

शाही (२०६७) द्वारा 'चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा अन्य मातृभाषी नेपाली विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा छात्र र छात्राहरूको निवेदन लेखन क्षमताको क्षमताको तुलना गरी कमीकमजोरीहरू पहिचान गर्नु र सुधारात्मक सुझावहरू दिनु जस्ता उद्देश्यहरू रहेका छन् । क्षेत्रीय नमुना सर्वेक्षण विधिको प्रयोग गरिएको उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता मध्यम स्तरको रहेको, संस्थागत विद्यालयको भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको, छात्र र छात्रा विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता समान रहेको र अन्य मातृभाषीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । सबै विद्यार्थीहरूको क्षमता सुधार गर्नका लागि शिक्षण प्रक्रियालाई नै सुधार गर्नुपर्ने उक्त अध्ययनमा दिइएको छ । उक्त

पूर्वकार्यले प्रस्तुत शोधकार्यलाई ज्यादा भन्दा ज्यादा मात्रामा सघाउ पुऱ्याउने हुनाले यस शोधकार्यलाई पूर्वकार्यका रूपमा लिइएको छ ।

सापकोटा (२०६७) द्वारा तयार पारिएको 'काभ्रे जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त अध्ययनमा काभ्रे जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, सरकारी र निजी विद्यालयका छात्रछात्राहरूबीच अनुच्छेद लेखनको स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूबीच अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिकताका आधारमा छात्रछात्रा विद्यार्थीको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, उक्त कक्षाका विद्यार्थीहरूका अनुच्छेद सम्बन्धी कमजोरी पत्ता लगाई सुधारका लागि सुझाव दिनु जस्ता उद्देश्य राखी अध्ययन कार्य गरिएको छ । नमुना छनोट गर्ने क्रममा काभ्रे जिल्लाका ५ वटा विद्यालय र त्यसबाट भिन्नभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थी छनोट गरिएको छ । प्रत्येक विद्यालयबाट १०/१० जनाको दरले ५० जना विद्यार्थी छनोट गरी अध्ययन कार्य पूरा गरिएको छ । यस अध्ययनबाट विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको मार्फत नै भएपनि लेखाइ सीपको लागि अभ्यास तथा प्रयास गरिएको हुनाले यो अध्ययन उपयोगी मानिन्छ ।

श्रेष्ठ (२०६८) द्वारा 'धादिङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रको कक्षा सातमा अध्ययनरत विद्यार्थीको वादविवाद लेखन क्षमताको अध्ययन गर्नु छात्र र छात्राको बिचको तुलना सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरू बिचको तुलनात्मक अध्ययन साथै विद्यार्थीमा देखिएका कमीकमजोरी हटाउनु रहेको रहेको छ । प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन गरी तयार सो शोधपत्रमा प्राथमिक स्रोतका रूपमा धादिङ जिल्लाका ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयका ६० जना विद्यार्थीहरू छन् भने द्वितीयक स्रोतका रूपमा विभिन्न पुस्तक पत्रपत्रिका एवम् शोधपत्रको अध्ययन रहेको छ । विद्यार्थीहरूको वादविवाद लेखन क्षमतालाई समग्र रूपमा भन्नुपर्दा विद्यार्थीको मध्यमान ५०% भन्दा कम भएकाले कमजोर भएको पुष्टि गर्न सकिन्छ ।

तिम्सिना (२०७०) द्वारा तयार पारिएको 'इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू प्रश्नोत्तर लेखन क्षमताको पहिचान, लैङ्गिक आधारमा छात्र छात्राको प्रश्नोत्तर लेखन क्षमताको पहिचान गरी त्यसमा भएका कमी कमजोरीहरू पत्ता लगाई निराकरण गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त शोधकार्यमा क्षेत्रीय विधि अवलम्बन गरी इलाम जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरूमा प्रश्नोत्तर लेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको छ ।

न्यौपाने (२०७०) द्वारा तयार पारिएको 'ललितपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको व्याख्या लेखन क्षमताको अध्ययन' गरिएको छ । उक्त अध्ययनमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको व्याख्या लेखन क्षमताको पहिचान, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा व्याख्या लेखन क्षमताको तुलना, परीक्षणीय पक्षको आधारमा तुलना र व्याख्या लेखन शिक्षणमा शिक्षकको भूमिका पहिचान गरिएको छ । उक्त अध्ययनलाई परिपूर्ति गर्न नमुना छनोट विधि प्रयोग गरिएको छ । जसका लागि सामुदायिक र संस्थागत विद्यालयमध्ये १० वटा विद्यालय छनोट गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । उक्त अध्ययनले विद्यार्थीको व्याख्या लेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालेको छ । त्यसै गरी विद्यालयको प्रकृतिको आधारमा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको व्याख्या लेखन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै गरी लैङ्गिकताका आधारमा छात्राको भन्दा छात्रको क्षमतास्तर राम्रो रहेको देखिन्छ । यसबाट पनि लेखाइ सीपको विकासका लागि यथोचित सहयोग पुगेको हुँदा यो अध्ययन उपयोगी मानिन्छ ।

पोखरेल (२०७०) द्वारा 'पाल्पा जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य पाल्पा जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अवस्था पत्ता लगाउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अवस्था पत्ता लगाउनु, उक्त कक्षाका विद्यार्थीहरूको

अनुच्छेद लेखनसम्बन्धी  समस्या पत्ता लगाई आवश्यक सुझाव दिनु रहेको छ । मूल रूपमा क्षेत्रीय अध्ययन विधिमा आधारित भई गरिएको उक्त शोधमा पाल्पा जिल्लाका छ वटा विद्यालयका ६० जना विद्यार्थीहरूलाई प्रतिनिधिका नमुना छनोट गरी जनसंख्याको रूपमा लिइएको छ । यस शोधकार्यमा छात्रहरू भन्दा छात्राहरू बढी लगनशील रहेको, संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेखन क्षमता राम्रो रहेको समग्रमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको छ ।

न्यौपाने (२०७२) द्वारा तयार पारिएको 'स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' गरिएको छ । स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरूको क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, उक्त विद्यार्थीहरूमा चिठी लेखन सम्बन्धी कमी कमजोरीहरू पहिचान गरी निराकरणका उपाय सुझाउनु जस्ता उद्देश्यहरू रहेका छन् । अध्ययनमा क्षेत्रीय अध्ययन विधि अपनाइएको छ । यस अध्ययनबाट विद्यार्थीहरूलाई स्वतन्त्र र निर्देशित रूपमा लेखन सीप हासिल गराई वर्णविन्यासगत, व्याकरणगत, शब्दभण्डार, चिह्न प्रयोग, वाक्यगठन, र संज्ञानात्मक सीप विकास गराई लेखन कलामा विद्यार्थीहरूलाई पोख्त बनाउनमा सहयोग पुऱ्याएको हुँदा यो अध्ययन उपयोगी ठानिन्छ ।

खनाल (२०७३) द्वारा 'काठमाडौं जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । उक्त अध्ययनमा काठमाडौं जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता पहिचान गर्नु, उक्त कक्षामा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयमा विद्यालयका छात्र र छात्राहरू बिचको कथालेखन क्षमताको स्थिति अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा अन्य मातृभाषी नेपाली विद्यार्थीहरूको कथा लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, उक्त कक्षाका विद्यार्थीहरूका कथा लेखन सम्बन्धी कमीकमजोरीहरू पहिचान गर्नु र सुधारात्मक सुझावहरू दिनु जस्ता उद्देश्यहरू रहेका छन् । प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री संकलन गरिएको उक्त शोधमा विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचानका लागि सम्बन्धित विद्यालयका शिक्षकहरूसँग सहकार्य गरी

शोधकार्य सम्पन्न गरिएको पाइन्छ । त्यसै क्रममा नमुना छनोट, तथ्याङ्क संकलन पूर्व परिक्षणको कार्यन्वयन गरी अन्तिममा आएको तथ्याङ्कलाई तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको पाइन्छ । उक्त अध्ययनमा काठमाडौँ जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमतामा एकरूपता नपाइएकाले शिक्षकले विद्यार्थीहरूको रूचि, इच्छा, भाषिक क्षमता तथा अन्य समस्याहरूलाई मध्यनजर राखी कथालेखन क्षमता विकासका लागि प्रशस्त अभ्यास गराउनु पर्ने आवश्यकता रहेको निष्कर्ष निकालिएको पाइन्छ । उक्त अध्ययनले प्रस्तुत अध्ययनलाई सहयोग पुऱ्याएको छ ।

ढकाल (२०७३) द्वारा तयार पारिएको 'सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान भएको पाइन्छ । यस शोधको उद्देश्य कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता पहिचान गर्नु, लैङ्गिक आधारमा उक्त विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलना गर्नु, विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरू दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गरिएको छ । यस शोध कार्यका लागि विद्यालय प्रकृतिको आधारमा ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूलाई सुविधाजनक रूपले प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यसबाट विद्यार्थीहरूलाई स्वतन्त्र लेखन सम्बन्धी नै कार्यकलाप गराइने भएकाले बढी भन्दा बढी सिर्जनात्मक लेखन सीपको विकास हुने र मनोवाद लेखनसँग मिल्दोजुल्दो भएकाले यो अध्ययन उपयोगी मानिएको छ ।

धामी (२०७३) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययन' गरिएको छ । कीर्तिपुर नगरपालिकाका कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको तुलना गर्नु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको मनोवाद लेखन क्षमता पहिल्याउनु त्यस्तै मनोवाद लेखनमा देखा परेका कमी कमजोरी औँल्याई निराकरणका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्यहरू रहेका छन् । यस अध्ययनमा क्षेत्रीय सामग्री संकलन विधि अपनाइएको पाइन्छ । यस अध्ययनमा विद्यार्थीको लेखन सीपको विकासका लागि सिर्जनात्मक क्षमता विकास के कसरी गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । प्रस्तावित शोधलाई सही निष्कर्षमा पुऱ्याउन

विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा मनोवाद लेखन क्षमताको अध्ययन गर्न यो अध्ययन उपयोगी ठानिन्छ ।

बिष्ट (२०७३) द्वारा 'काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन' गरिएको छ । कीर्तिपुर नगरपालिकाका समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमता पहिल्याउनु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको विश्लेषण गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलना गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । यस अध्ययनमा क्षेत्रीय सामग्री संकलन विधि अपनाइएको पाइन्छ । कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको लेखाइ सीपको स्तरलाई उकास्न दैनिक जीवनमा भोगेका घटनाहरूलाई कलापूर्ण तरिकाले रोचक, सिलसिलाबद्ध शैलीमा लेख्ने कलाको विकास गर्नु नै यस अध्ययनको मूल ध्येय हो । साथै यस अध्ययनको तथ्याङ्क सङ्कलनका क्रममा ५ वटा सामुदायिक, ५ वटा संस्थागत विद्यालयका छात्र, छात्राको तुलना, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना र समग्र विद्यार्थीको दैनिकी लेखन क्षमताका आधारमा उक्त समूहहरूलाई तालिकाबद्ध गरिएको छ ।

राई (२०७३) द्वारा तयार पारिएको 'ललितपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन शीर्षकमा अनुसन्धान भएको पाइन्छ ।  प्रस्तुत शोधको उद्देश्य कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको सप्रसङग व्याख्या लेखन क्षमताको पहिचान, विद्यालयको प्रकृतिको आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक स्थिति, लैङ्गिकताका आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गरिएको छ । सामुदायिक र संस्थागत विद्यालय अन्तर्गतका आठओटा विद्यालयबाट १०/१० जनाको दरले ८० जना विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्ने उद्देश्यले सो शोधपत्र तयार पारिएको छ । अध्ययनमा क्षेत्रीय सामग्री संकलन विधि अपनाइएको छ । यस अध्ययनमा विद्यार्थीको लेखन सीपको विकासका साथै सिर्जनात्मक क्षमता विकास सम्बन्धी के कसरी गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

लामिछाने (२०७३) द्वारा 'लमजुङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्य सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, छात्र र छात्राहरूको निवेदन लेखन क्षमताको

तुलनात्मक स्थिति पत्ता लगाउनु, पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषीहरू विद्यार्थीहरूको निवेदन लेखन क्षमताको क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, कक्षा सातका विद्यार्थीहरूको निवेदन लेखन सम्बन्धी समस्याहरू पत्ता लगाउनु र ती समस्याहरूको समाधानका उपायहरू प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू यस शोधपत्रमा राखिएको छ । यस शोधकार्यको सीमाङ्कनमा लमजुङ जिल्लाका बेसीसहर, सुन्दर बजार, राइनास, मध्य नेपाल र करापुटार नगरपालिका अन्तर्गतका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालय गरी जम्मा १० वटा विद्यालयका कक्षा सातमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरूमा सीमित गरी अध्ययन गरिएको छ । यस अध्ययनमा क्षेत्रीय अध्ययन विधि अपनाइएको छ । यस शोधपत्र अन्तर्गत निवेदनको परिचय, निवेदनका प्रकार, निवेदनका अङ्गहरू र निवेदनका नमुना देखाइ थप स्पष्ट पारिएको छ । यस शोधपत्रमा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यम स्तरको रहेको, संस्थागत विद्यालयको भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता उच्च रहेको, छात्र र छात्रा विद्यार्थीहरूको निवेदन लेखन क्षमतामा छात्राहरूको लेखन क्षमता उच्च रहेको साथै अन्य मातृभाषीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । सबै विद्यार्थीहरूको क्षमता सुधार गर्नका लागि शिक्षण प्रक्रियालाई नै सुधार गर्नुपर्ने कुरा उक्त अध्ययनमा दिइएको छ । समग्रमा भन्नुपर्दा विद्यार्थीहरूको लेखन सीप विकासका लागि तयार पारिएको यस अध्ययनबाट प्रस्तावित शोधलाई सही निष्कर्षमा पुऱ्याउन विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा मनोवाद लेखन क्षमताको अध्ययन गर्न यो अध्ययन उपयोगी ठानिन्छ ।

के.सी. (२०७४) द्वारा तयार पारिएको 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोध विभिन्न समस्यामा केन्द्रित रहेको छ । जस्तै काठमाडौँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता समग्रमा के कस्तो छ ?, लैङ्गिक आधारमा उद्देश्य विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो रहेको छ ? विद्यालय प्रकृतिको आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो रहेको छ ? त्यस्तै गरी प्रस्तुत शोधकार्यका निम्न लिखित उद्देश्यहरू रहेका छन् कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, लैङ्गिक आधारमा

विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु आदि उद्देश्य रहेका छन् । सामुदायिक र संस्थागत विद्यालय अन्तर्गतका आठओटा विद्यालयबाट १०/१० जनाको दरले १०० जना विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्ने उद्देश्यले सो शोधपत्र तयार पारिएको छ । यस अध्ययनमा क्षेत्रीय अध्ययन विधि अपनाइएको छ । समग्र विद्यार्थीको दैनिकी लेखन क्षमताका आधारमा उक्त समूहहरूलाई तालिकाबद्ध गरिएको छ । यस अध्ययनमा विद्यार्थीको लेखन सीपको विकासका साथै सिर्जनात्मक क्षमता विकास सम्बन्धी के कसरी गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । यस अध्ययन प्रस्तावित शोधलाई सही निष्कर्षमा पुऱ्याउन विद्यालयको प्रकृति, लैङ्गिकताका आधारमा मनोवाद लेखन क्षमताको अध्ययन गर्न यो अध्ययन उपयोगी ठानिन्छ ।

## २.२ मनोवादको परिचय

भाषा मानवीय सामाजिक वस्तु हो । मानिसले यसको प्रयोग भाषिक समुदायको बिचमा वा समाजमा गर्दछ । भाषा बिचार, अनुभव र अनुभूतिलाई आदानप्रदान गर्ने साधन हो । कुनैपनि भाषाको मौखिक र लिखित दुई रूप हुन्छन् । भाषाको वास्तविक रूप भने मौखिक नै हो तर विभिन्न कारणले गर्दा मानव समाजमा लिखित भाषाको पनि प्रयोग हुन्छ । मौखिक भाषा ध्वनि वा बोलीको माध्यमबाट व्यक्त हुन्छ भने लिखित भाषा लिपिका माध्यमबाट व्यक्त हुन्छ । अतः भाषाको लेख्य माध्यम सिक्नु अनिवार्य हुन्छ । हामी भाषा सुनेर, बोलेर, पढेर र लेखेर सिक्दछौँ । साक्षर बनेर लेखपढ जानी भाषालाई विभिन्न उद्देश्यले उपयोग गर्ने क्षमता प्राप्त गर्न शिक्षामा लेख्य भाषाको अधिक महत्त्व हुन्छ । समग्रमा भाषा सिकाइ भनेको नै भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको प्रयोग व्यवहारमा उतार्नु हो ।

भाषाका चारवटा सीपहरूमध्ये लेखाइ एक प्रदानात्मक तथा भाषाको चौथो भाषिक सीप हो । कुनै कुरा लेखेर अभिव्यक्त गर्ने माध्यमलाई लेखाइ भनिन्छ । ध्वनि संकेतहरूलाई लिपिका माध्यमले अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । बोलेर विचार विनिमय गर्न नसकिने ठाँउमा लेखनको सहायता लिइन्छ । यसबाट वक्ता र श्रोता नजिक नहुँदा पनि विचार विनिमय गर्न सकिन्छ । यसको माध्यमबाट आफ्ना भावना, अनुभूति, ज्ञान, अनुभव

आदिलाई भविष्यसँग सञ्चय गरेर राख्न  सकिन्छ । त्यसै गरी विद्यार्थीहरूको अन्तर्निहित क्षमताको प्रस्फुटन गर्न पनि लेखाइ सीपको आवश्यकता पर्दछ । लेखाइ सीप शिक्षणमा विभिन्न अभ्यासात्मक कार्यकलापहरूलाई प्रयोगमा ल्याइन्छ । यी विविध कार्यकलापहरूमध्ये मनोवाद लेखनको पनि महत्त्वपूर्ण स्थान रहन्छ जसले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । भाषाको उत्पत्ति र विकास नभएको भए आजको दुनियाँले यो सभ्यता प्राप्त गर्न सक्दैनथियो । भाषाको अनुपस्थितिमा मानव जीवनको कल्पनासम्म गर्न सकिन्न । भाषाले सामाजिक जीवनका गतिविधिहरूसँग प्रत्यक्ष रूपमा सम्बन्ध स्थापित गरेको हुन्छ । भाषाको प्रमुख कार्य विचार आदान प्रदान गर्नु विचारको विनिमय लिखित र मौखिक अभिव्यक्तिबाट मात्र सम्भव रहेको हुन्छ । भाषाको मूल रूप मौखिक नै हो । त्यस पछिको विकसित रूप भनेको लिखित हो । विभिन्न शैक्षिक गतिविधि र प्रशासनिक कामकाजका लागि लिखित रूपकै प्रयोग गरिन्छ । त्यसैले मौखिक भाषा सम्प्रेषणका लागि आधारभूत हो भने लिखित चाँहि विकसित रूपमा लिन सकिन्छ । सामान्य रूपमा लेखपढ गर्न जान्नु भनेको भाषाको कथ्य रूपलाई लेख्य रूपमा ढाल्ने क्षमताको विकास गर्दै जानु हो । मानवीय ज्ञान तथा अनुभवलाई लेख्य रूपमा ढाल्ने क्षमताको विकासले मानिस सभ्य बन्दै जान्छ ।

कुनै विषयमा मनमा उब्जेका तर्क वितर्कहरूको अभिव्यक्तिलाई नै मनोवाद भनिन्छ । यसलाई एकालाप, एकोहोरो कुराकानी र स्वगत्कथन पनि भनिन्छ । मानिसका मनमा विचारहरू सधैं एकैनास रहदैंनन् । यी विचारहरू सदैव परिवर्तनशील हुन्छन् । त्यसैले मनोवादमा तत्क्षण परिवर्तन हुने मनोभावनाको अभिव्यक्ति हुन्छ । यसमा व्यक्तिको सोचाइ, कल्पना, स्मृति, पश्चाताप, द्विविधा आदिले अभिव्यक्ति पाएका हुन्छन् ।

कुनैपनि विषय वा प्रसङ्गलाई लिएर एक्लो अवस्थामा आफैंसँग गरिने एकोहोरो कुराकानीलाई मनोवाद भनिन्छ । मनोवादले पात्रको एक्लो गुनगुन वा मनमनै गरिएको कुरा भन्ने बुझाउँछ यसलाई एकालाप वा स्वगत्कथन पनि भनिन्छ । मनोवादले कुनै विषयप्रति मानिसका मनमा आउने विशृङ्खलित सोचाइलाई संगठित रूपमा राख्ने काम गर्दछ । आफैँप्रतिका अनुभूति, सम्झना, प्रतिक्रिया आदिलाई समावेश गरिने हुनाले मनोवादमा काल्पनिक पात्र नै भए पनि वर्णनचाँहि प्रथम पुरूषमै गरिन्छ । यसले मनको खुलदुलीलाई तर्कवितर्कका साथ प्रस्तुत गर्दछ, जसले पात्रको मानसिक अवस्थालाई देखाउँदछ । यसमा

पात्रले आफ्नै मनसँग गरेका प्रश्नोत्तर, सहमति/असहमति तथा कल्पनाको उडानलाई पनि चित्रण गरिएको हुन्छ ।

मनोवादमा भेषभूषा, रूपरङ्ग, मुखमुद्रा, हाउभाउ, अङ्ग सञ्चालन, चेष्टा र अभिनयको प्रस्तुति गरी मनस्थिति र संवेगको प्रत्यक्ष प्रदर्शन गर्ने काम यसमा हुन्छ । प्रसङ्गमा चिच्याउने, कराउने, आँखा थुन्ने, भुतभुताउने, रिसाउने रूने हाँस्ने जस्ता विभिन्न संकेतहरू गर्ने आदि अनेकौं अभिनयात्मक कार्यकलाप व्यक्तिले मनोवादमा गर्दछ । यस दृष्टिले मनोवाद रूपक विधाको उपलब्धिका रूपमा चिनिन्छ ।

## २.३ भाषा शिक्षणमा मनोवाद लेखन आवश्यकता र महत्त्व

मानवीय भाषाका मौखिक र लिखित दुई रूपहरू हुन्छन् । आफ्ना मनका भावनाहरूलाई ध्वन्यात्मक रूपमा अभिव्यक्ति गर्दा मौखिक भाषा तयार हुन्छ भने ध्वन्यात्मक संकेतहरूलाई लिपिमा उपयोग गरेर अभिव्यक्ति गर्दा लेख्य भाषा तयार हुन्छ । लेखाइबाट मानिसले आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्दछ लेखाइ कुनैपनि स्थान र सीमामा बाँधिन सक्दैन लेखाइ शाश्वत र सार्वभौम हुन्छ । लेखाइ सीप क्षमता बढाउन विद्यार्थीहरूलाई प्रारम्भ तहदेखि नै चित्रवर्णन, यात्रावर्णन, अनुलेखन, निबन्धलेखन, प्रतिवेदन लेखन आदि गराइन्छ । तहगत आधारमा पनि विद्यार्थीहरूलाई दैनिकीलेखन, बुँदाटिपोट, संक्षेपीलेखन, निबन्धलेखन, वादविवादलेखन, मनोवादलेखन जस्ता कार्यकलापबाट पनि विद्यार्थीहरूलाई लेखन कला क्षमताको विकास गराउन सकिन्छ । विभिन्न क्रियाकलापहरूमध्ये मनोवाद लेखन पनि एक विशिष्ट कार्यकलाप हो । मनोवादमा निर्देशित र सिर्जनात्मक दुवै किसिमको अभ्यास गराउन सकिन्छ । मनोवाद लेखनको मुख्य उद्देश्य भनेको सीप हासिल गर्नु हो । लेखाइ सीपको विकासमा मनोवाद लेखनको स्थान उच्च छ । विद्यार्थीहरूलाई प्रारम्भिक तहदेखि नै मनोवाद लेखन कार्यको अभ्यास नगराइए तापनि निम्नमाध्यमिक तहदेखि मनोवाद शिक्षण लेखन कार्य गराउने गरिएको छ । विद्यार्थीहरूको लेखन सम्बन्धी क्षमता बढाउन मनोवाद लेखन उत्कृष्ट कार्यकलाप मान्न सकिन्छ ।

मनोवाद लेखनमा विषयवस्तु, वर्णविन्यास, शब्दभण्डारगत चिह्न प्रयोग संकेत, वाक्यगठन शैली, प्रस्तुति आदिको समुचित प्रयोग भएको हुन्छ भने विषयवस्तुको सिलसिला आदि, मध्य, अन्त्यको प्रस्तुतिकरणजस्ता लेखाइ सम्बन्धी नियमहरू समावेश भएका हुन्छन् ।

तसर्थ विद्यार्थीहरूमा सम्पूर्ण लेखाइ सम्बन्धी धारणात्मक, प्रयोगात्मक, संज्ञानात्मक सीप विकास गराउन मनोवाद लेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ । यसरी लेखाइ सीपको विकासमा मनोवाद लेखनको स्थान महत्त्वपूर्ण साबित हुन्छ ।

## २.४ मनोवाद लेखन र यसको लेखाइ सीपसागको सम्बन्ध

कुनै पनि कुरा लेखेर अभिव्यक्त दिइन्छ भने त्यसलाई लिखित अभिव्यक्ति भनिन्छ । प्रभावकारी लिखित अभिव्यक्तिका लागि लेखाइ कला आवश्यक हुन्छ । लेखन कलालाई लेखन सीप पनि भनिन्छ । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सीप अन्तिम भएर पनि सर्वोत्कृष्ट मानिन्छ । आफ्ना भाव तथा विचारलाई लिपि चिह्नहरूको प्रयोगद्वारा क्रम मिलाइ व्यक्त गर्ने प्रक्रियालाई लेखाइ भनिन्छ । विद्यालय तहका विद्यार्थीहरूमा लेखन सीप विकासका गराउन लागि  चित्र वर्णन, श्रुति लेखन, चिठी लेखन, सारांश लेखन, भाव व्याख्या लेखन, कथा लेखन, अनुच्छेद लेखन, प्रतिवेदन लेखन, निवेदन लेखन, बुँदा लेखन, मनोवाद लेखनजस्ता कार्यकलाप गराउन सकिन्छ । भाषिक संरचना तथा शब्दभण्डारको ज्ञान हुनु लेखाइ सीप गर्न महत्त्वपूर्ण मानिन्छ । साहित्यिक तथा व्यावहारिक दृष्टिले लेखाइ सिपको महत्त्व दिनानुदिन बढी रहेको छ । लेखाइ सीपमार्फत् पहिले लेखिएका कुरा पछिसम्म सञ्चित गरेर राख्न सकिने हुनाले सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सीपको विशेष महत्त्व रहेको पाइन्छ । लेखाइ सीप विकासका लागि लेखन कला शिक्षणका थुप्रै कार्यकलापहरू उपयोगमा ल्याइन्छन् । तीमध्ये मनोवाद लेखन अभ्यासले विद्यार्थीहरूको स्वतन्त्र सिर्जनात्मक तथा मौलिक अभिव्यक्ति कौशल अभिवृद्धि गराउनुमा साथै मानक भाषाको प्रयोग गरी लेख्ने सीपको विकास गर्न सहयोग पुऱ्याउदछ ।

भाषा पाठ्यपुस्तकमा भाषालाई साधन र साध्य दुवै रूपमा समावेश गरिएको हुन्छ । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग भाषा पाठ्यक्रम तथा भाषा पाठ्यपुस्तक केन्द्रित हुन्छ । भाषाद्वारा व्यक्तिले एक अर्काका विचार तथा भावनाको साटासाट गर्दछ । यस्तो भाषा साटासाटमा यिनै चार सीपहरू हुन्छन् । यी मध्ये सुनाइ र पढाइ बोध वा आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् । भाषाको चौँथो तथा प्रदानात्मक सीप लेखाइ हो । यो भाषाको जटिल एवम् स्तरीय सीप पनि हो । भाषाको लेखाइ सीप औपचारिक शिक्षाको देन हो । यो सीप विकासका लागि विभिन्न अभ्यासात्मक कार्यकलापहरू गराइन्छ । यी मध्ये मनोवाद

लेखन पनि एक हो । मनोवाद लेखन लेखाइ सीप शिक्षणकै क्रममा अभ्यास गराइने एउटा अभ्यासात्मक कार्यकलाप हो । यसर्थ लेखाइ सीप भनेको भाषाको उच्च स्तरीय माध्यम हो भने मनोवाद लेखन यसै सीपमा विद्यार्थीहरूलाई दक्ष बनाउन प्रयोगमा ल्याइने एउटा कार्यकलाप हो ।

कुनै पनि विषयलाई लिएर कुनै पनि व्यक्तिले मनमा गरिने एकोहोरो कुराकानीलाई मनोवाद भनिन्छ । यो लेखन कलाको महत्त्वपूर्ण तरिका हो । मनोवादले विद्यार्थीको सिर्जनात्मक क्षमता र पठन क्रियाकलापमा समेत बृद्धि गराउँछ ।

आफ्ना मन मस्तिष्क भित्र रहेका भाषा वा विचारलाई लिपि चिह्नको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गरिने प्रक्रियालाई लेखाइ भनिन्छ । लिपि चिह्न, हिज्जेको सही जानकारी तथा आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ उपयोगी हुन्छ । मनोवाद लेखनको अभ्यासले मनोवाद लेखनका उद्देश्य, अभिव्यक्ति क्षमताको विकास गर्नु, शब्दभण्डार क्षमताको विकास गर्नु, सिर्जनात्मक क्षमताको विकास गर्नु मनोवादका घटना वा विषयवस्तुहरूलाई विभिन्न संवेगका साथ सिलसिलेवार तरिकाले वर्णन गर्न वा लेख्न सक्नु जस्ता बानीको विकास गर्न यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । साथै मनोवाद लेखनले पनि विद्यार्थीहरूमा भएका आफ्ना विचारहरूलाई र आफ्ना संवेगहरूलाई सिलसिलाबद्ध रूपमा उतार्न सक्ने एक सिर्जनात्मक विधा वा लेखन कला भएकाले लेखाइ सीपलाई मनोवाद लेखनले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ । हाम्रो देशमा विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म विद्यार्थीको मूल्याङ्कन गर्दा लिखित परीक्षाको नै उपयोग गरिन्छ । लेखाइ सीप भाषाका विभिन्न भाषिक सीपहरूमध्ये महत्त्वपूर्ण भाषिक सीप हो भने मनोवाद लेखन यही सीपको विकास गर्न प्रयोग गरिने एउटा कार्यकलाप हो । अतः लेखाइ सीप आफैँमा साध्य हो भने मनोवाद लेखन त्यस सीपको विकासमा प्रयोग गर्ने साधन हो ।

## २.५ मनोवाद लेखनका चरणहरू

मनोवाद एउटा यस्तो अभिव्यक्ति हो जसमा मान्छेको मनभित्र उब्जिएका विभिन्न भावनाहरूको प्रकटीकरणमा केन्द्रित रहेको हुन्छ । सामान्य अर्थमा मनोवाद भन्नाले एक्लै मनमनै कुरा गर्नु, एकालाप गर्नु वा गुनगुनाउनु पनि मनोवाद हो । मनोवादलाई यसरी पनि अर्थ्याउन सकिन्छ कुनैपनि व्यक्ति विशेषको सोचाइ, अनुभव, घटना मानसिक वा सांवेगिक

उथलपुथल आदिको मूक अभिनय नै मनोवाद हो । यसमा भेषभूषा, रूपरङ्ग, मुखमुद्रा, हाउभाउ, अङ्ग सञ्चालन चेष्टा र अभिनयको जीवन प्रस्तुति गरी मनस्थिति र संवेगहरूको प्रत्यक्ष प्रदर्शन गर्ने काम मनोवादमा हुन्छ । मनोवाद एकालाप शैलीमा आत्मपरक प्रस्तुतिमा लेखिन्छ । कुनै खास विषयलाई लिएर मानिसले कल्पना गर्ने गर्दछ तथा कुनैपनि विषयमाथि मानिसले आफैँसँग कुराकानी गर्ने गर्दछ । कुनै पनि विषयमाथि वा कुनै कुराप्रति कुनै घटनाप्रति मानिसका मनभित्र पैदा हुने कल्पना, द्विविधा आदिलाई कुरा गराइको शैलीमा अभिव्यक्ति गरिन्छ ।

मनोवादले कुनै विषयप्रति मानिसका मनमा आउने विशृङ्खलित सोचाइलाई संगठित रूपमा राख्ने काम गर्दछ । आफैँप्रतिका अनुभूति, सम्झना, प्रतिक्रिया आदिलाई समावेश गरिने हुनाले मनोवादमा काल्पनिक पात्र नै भए पनि वर्णनचाहिँ प्रथम पुरूषमै गरिन्छ । यसले मनको खुलदुलीलाई तर्कवितर्कका साथ प्रस्तुत गर्दछ, जसले पात्रको मानसिक अवस्थालाई  देखाउँदछ । कुनैपनि रचनाको संरचना हुन्छ विभिन्न तत्वहरूद्वारा कुनैपनि संरचना पूर्ण भएको हुन्छ । त्यस्तै गरेर मनोवाद लेखनमा पनि आदि, मध्य र अन्त्यको संरचना रहेको हुन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

**अ) आदि भाग**

मनोवादको सुरु वा आदि भागमा सर्वप्रथमतः कुनैपनि व्यक्तिले केही विषयमा आफ्नो मनमा कुनै एक विषयमा विभिन्न किसिमका सोचाइ तर्क वितर्क आदि आउन थाल्छ यसमा पात्रले आफैलाई प्रश्न गर्ने र आफै उत्तर दिने जस्ता कार्यहरू गर्दछ । यी विभिन्न पक्षहरूलाई मनोवादको आदि भाग अन्तर्गत राखिन्छ । व्यक्तिको मनमा खेलेका विचार, भाव, सोचाइ त्यस अन्तर्गत देखिने चेहरा परिवर्तन आदि भाग अन्तर्गत रहेका हुन्छन् ।

**आ) मध्य भाग**

मनोवादको मध्य भागमा व्यक्तिका मनमा विभिन्न कुराहरू खेलेका हुन्छन् त्यो अरू कसैलाई पनि जानकारी हुदैन तर पनि व्यक्तिले मनमा सोचेको सोचाइ तर्कअनुसार हाउभाउ गर्ने अङ्ग सञ्चालन गर्ने गर्दछ । पात्रको एक्लो गुनगुन वा मनमनै विभिन्न किसिमका तर्कना आदिजस्ता कुराहरू मनोवादको मध्यभागमा राखिन्छ । यसमा प्रसङ्ग अनुसारका संवेगहरूलाई उल्लेख गरिएको हुन्छ ।

**इ) अन्त्य भाग**

मनोवादको अन्त्य भागमा पात्रको माथिका यावत् सोचाइलाई एउटा निश्चित निष्कर्षमा पुऱ्याइ कार्यको निर्देशन गर्ने, आफ्नो मनलाई स्थिर रूप दिई र स्पष्ट संकेतद्वारा चिनाउने कार्य अन्त्य भागमा गरिन्छ र मनोवादको समापन यस खण्डमा गरिन्छ ।

## २.६ मनोवाद लेखनका मूख्य पक्ष वा विशेषताहरू

मनोवादको सारभूत गुण वा चरित्रहरूलाई यसमा विशेषता भनिन्छ । मनोवाद कस्तो हुन्छ भन्ने कुराले यसको विशेषतालाई दर्साउँछ । त्यसैलाई आधारमानी मनोवादको विशेषतालाई उल्लेख गर्न सकिन्छ ।

कुनै पनि व्यक्ति विशेषको सोचाइ, अनुभव, घटना मानसिक वा सांवेगिक उथलपुथल मूक अभिनय नै मनोवाद हो । मनोवादमा भेषभूषा, रूपरङ्ग, मुखमुद्रा, हाउभाउ, अङ्ग सञ्चालन, चेष्टा र अभिनयको प्रस्तुति गरी मनस्थिति र संवेगको प्रत्यक्ष प्रदर्शन गर्ने काम यसमा हुन्छ । प्रसङ्गमा चिच्याउने, कराउने, आँखा थुन्ने, भुतभुताउने, रिसाउने रूने हाँस्ने जस्ता विभिन्न संकेतहरू गर्ने आदि अनेकौं अभिनयात्मक कार्यकलाप व्यक्तिले मनोवादमा गर्दछ । यस दृष्टिले मनोवाद रूपक विधाको उपलब्धिका रूपमा चिनिन्छ । मनोवादको माध्यमद्वारा पात्रले आफ्नै मनसँग प्रश्नोत्तर, छलफल, तर्कवितर्क तथा सहमति गर्ने गर्दछ । मनोवादमा खासगरी आत्मपरक वा भावपरक शैली अँगालिने गर्दछ ।

**विषयवस्तु**

कुनै पनि विषय लेखिनु भन्दा अगाडि कुनै एक विषय चयन गरिनुपर्दछ । त्यस्तै मनोवादमा पनि एक विषयलाई लिएर पात्रको मनमा उब्जेका विचार तर्कहरूलाई अवस्थानुकुलको मुखमुद्रा, रूपरङ्ग, अङ्ग सञ्चालन गर्ने गरिन्छ पात्रले आफैँलाई प्रश्न गर्ने र आफैँ उत्तर दिने जस्ता कार्यहरू गर्दछ । व्यक्तिको मनमा खेलेका विचार, भाव, सोचाइ त्यस अन्तर्गत देखिने चेहरा परिवर्तन आदि भाग अन्तर्गत रहेका हुन्छन् । साथै समय परिस्थिति अनुसार भेषभूषा रूपरङ्ग हाँस्ने, रूने, उफ्रिने, लामो स्वास फेर्ने आदि जस्ता मूक अभिनय मनोवादका मुख्य पक्ष हुन् ।

**भाषाशैली**

मनोवाद लिखित वा मौखिक अभिव्यक्तिको एक लेखन विधा हो । यसले मौखिक अभिव्यक्तिलाई सघाउँने भएकाले बोलीचालीका छोटा छोटा वाक्य बोल्नु वा लेख्नु पर्दछ । मनोवाद लेखनको भाषाशैली सरल सहज र प्रथम पुरुष शैलीमा लेखिनुपर्दछ । त्यस्तैगरी पात्रका हाउभाउ क्रियाकलापलाई कोष्ठकभित्र संकेत गर्नु पर्दछ । यसमा सकेसम्म बिस्मयादिबोधक र निपातको प्रयोग पनि आवश्यक हुन्छ साथै विचारको शृङ्खलालाई क्रमबद्ध रूपमा प्रस्तुत गर्नु पर्दछ ।

**प्रस्तुति**

मनोवाद एउटा लिखित, मौखिक विधा भएकाले निश्चित नियममा बाँधिएका कारण मनोवाद वाचन गर्दा होस् या लेखन गर्दा होस् सो नियमलाई पालना गर्नु पर्ने भएकाले यसको नियमलाई जानेकै हुनुपर्दछ, जुन निम्नानुसारका छन् :

**पहिलो चरण** : मनोवाद लेखनमा सबैभन्दा पहिले शीर्षक चयन गर्नुपर्दछ । त्यसपश्चात् पात्र, समय स्थान वा परिवेशको जानकारी दिनुपर्दछ ।

**दोस्रो चरण** : यस चरणभित्र मनोवाद कुन परिवेशमा लेखिएको हो सो कुरालाई स्पष्ट रूपमा देखाइ पात्रका मनमा उब्जेका विचारहरू उल्लेख गर्नुपर्दछ साथै पात्रले देखाउने हाउभाउ वा संवेगहरूलाई कोष्ठकमा उल्लेख गर्नुपर्दछ । यस चरणमा पात्रले आफैँ प्रश्न गर्ने, आफैँ उत्तर दिने जस्ता कार्य गर्दछ ।

**तेस्रो चरण** : यो मनोवादको तेश्रो तथा अन्तिम चरण हो । यस चरणमा पात्रले आफ्नो सोचाइलाई निश्चित बिन्दुमा पुऱ्याइ कार्यको निर्देशन गर्ने तथा मनोवादलाई टुङ्ग्याउने कार्य गर्दछ ।

## २.७ मनोवाद लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरू

रूपक विधा अन्तर्गत पर्ने मनोवाद लेखन कार्य एक जटिल कार्य भएकाले मनोवादका बारेमा अनविज्ञ मानिसले मनोवाद लेखन कार्य गर्न सक्दैन । हाउभाउ, मुखमुद्रा, अङ्ग सञ्चालन, चेष्टा र अभिनयको प्रस्तुति गरी लेखन कलालाई सम्बृद्ध बनाउने कला मनोवादमा हुने भएकाले यो एकजनाको एकालाप वा आफ्नो स्वतन्त्र विचारको अधिपत्य

यसमा पाइन्छ । मनोवादमा विचारको शृङ्खला क्रमबद्ध रूपमा प्रस्तुत गर्नुपर्छ । व्यक्ति कस्तो कुन परिवेशमा मनोवाद सुरूवात गरिदैं छ । त्यसलाई मनोवादको सुरूमै कोष्ठक भित्र उल्लेख गरिनुपर्दछ । त्यसैगरी सकभर एउटै अनुच्छेदमा लेख्ने तर सन्दर्भ अनुसार अनुच्छेद परिवर्तन गर्न सकिन्छ । मनोवाद भनेको के हो, मनोवादशिक्षण प्रयोजन र महत्त्वका बारेमा जानी सकेपछि मनोवाद लेखन कार्य अघि बढाउन सकिन्छ । मनोवाद लेखन प्रक्रियालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

मनोवाद लेखन कार्य गर्दा सर्वप्रथम विद्यार्थीहरूको स्तर अनुसार, कल्पना गरेर लेख्न सक्ने विषयलाई शीर्षकको रूपमा दिनुपर्दछ । शीर्षक दिई सकेपछि स्थान र समयको उल्लेख गर्नुपर्दछ । एउटा काल्पनिक पात्रको नत्र आफैं वा लेख्ने व्यक्तिको नाम लेख्नुपर्दछ । पात्रको संवेगात्मक अवस्था, हाउभाउ कोष्ठकमा दिँदै जानुपर्दछ । मनोवाद प्रथम पुरूष शैलीमा लेख्नुपर्दछ । यो एकालाप भएकोले कारणले पात्रले आफैं प्रश्न गर्ने आफैं उत्तर दिनेजस्ता कार्यहरू समावेश गरिनुपर्दछ । यसरी पात्रको सोचाइलाई एउटा निश्चित निष्कर्षमा पुऱ्याइ कार्यको निर्देशन गर्ने र मनोवादलाई टुङ्ग्याउनु पर्दछ ।

मनोवाद लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरूलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ ।

- दिइएको विषयसँग सम्बन्धित बुँदाहरू सोच्ने र तिनीहरूले जन्माउने खालका अनुभव स्मरण तथा तर्क वितर्कका कुराहरू खोजी टिप्ने,
- स्थान र समयको जानकारी सुरूमा दिने,
- एउटा काल्पनिक पात्रको सृजना गर्ने,
- प्रारम्भमा परिवेशलाई स्पष्ट पार्न कुनै कोठा वा अन्य स्थान तथा पात्रको अवस्था कोष्ठभित्र जनाउँने,
- सबै कुरा पात्रको गनगनका रूपमा प्रथम पुरूष शैली प्रयोग गरी लेख्ने,
- आफैं प्रश्न उठाउने र आफैं त्यसको समाधान पनि दिने प्रक्रिया अपनाउने,
- मनोवादका बीच बीचमा पात्रका हाउभाउ र क्रियाकलापको निर्देशन कोष्ठभित्र दिने,

- मनोवाद सोचाइ तरङ्गमा आधारित हुने हुँदा त्यसमा अपूर्ण वाक्य, खाली स्थान (....) राख्ने तथा विषयको आकस्मिक परिवर्तन गर्न सकिने,
- पात्रको सोचाइलाई एउटा निश्चित निष्कर्षमा पुऱ्याइ कार्यको निर्देशन गर्ने र मनोवादलाई टुङ्ग्याउने ।

यसरी मनोवाद लेखन गर्दा प्रक्रियागत रूपमा नियमसंगत तरिकाले लेखन गर्नुपर्दछ । मनोवादका माध्यमबाट विद्यार्थीहरूमा लेखन सीपको प्रशस्त मात्रामा अध्यास हुने, सिलसिलेवार तरिकाले लेख्ने शैलीको विकास हुने गर्दछ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको विधि

अनुसन्धान भन्नाले कुनैपनि विषयका बारेमा सूक्ष्मभन्दा सूक्ष्म रूपले खोजी गर्नु भन्ने बुझिन्छ । यसलाई अत्यन्तै जटिल कार्य मानिन्छ । अनुसन्धान कार्य औपचारिक तथा व्यवस्थित तरिकाले खोजी गर्नुपर्ने कार्य भएकाले यसमा सोही अनुसन्धेय विषयसँग सम्बन्धित खास विधिहरूको उपयोग हुन्छ । शोध कार्य सम्पन्न गर्न कुनै न कुनै विधिको प्रयोग गर्नु आवश्यक रहेको हुन्छ । अनुसन्धान कार्यमा विधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । कुनैपनि व्यवस्थित कार्यका लागि आ-आफ्नो विधि प्रक्रियाहरू रहेका हुन्छन् । शोधकार्य पनि एउटा व्यवस्थित कार्य भएकाले यसका पनि आफ्नै विधिहरू रहेका हुन्छन् । उक्त शोध विधिले अध्ययनलाई अर्थयुक्त र प्रभावकारी बनाउन मद्दत गर्दछ । शोधकार्यको सुरूदेखि अन्त्यसम्म गरिने कार्य र ती कार्यका लागि आवश्यक विधिहरूको उल्लेख शोध विधिमा नै गर्नुपर्ने हुन्छ । यसमा व्यवस्थित वस्तुनिष्ठ र तथ्यपरक विश्लेषण हुने भएकाले अनसुन्धान कार्य कसरी सम्पन्न गरेको छ भनी प्रस्ट्याउने क्रममा अनुसन्धान विधिको विभिन्न विवरण महत्त्वपूर्ण बिषय हो । यस अन्तर्गत सामग्रीको स्रोत, सामग्री संकलन गर्ने उपकरणहरू र सामग्री संकलन गर्ने प्रक्रियाहरू पर्दछन् । कुनैपनि अध्ययन कार्य सुरू गर्दा सुरूदेखि अन्त्यसम्म अपनाइने विधिहरूको पूर्वयोजनाका रूपमा व्यवस्थित गरिनु पर्दछ तब मात्र अनुसन्धान कार्यमा कुनै किसिमको बाधा आउँदैन जसलाई विश्वसनीय मान्न सकिन्छ जसबाट अन्य अनुसन्धानका लागि सही मार्गदर्शन प्राप्त हुन्छ । प्रस्तुत अनुसन्धानका लागि अध्येताले अपनाएका विधिहरू यस परिच्छेदमा समावेश गरिएको छ ।

जुनसुकै लेखन सिर्जनाका लागि पनि आ-आफ्नै ढाँचा एवम् संरचना रहेको हुन्छ । निश्चित योजनाबिना अध्ययन अनुसन्धानको कार्य पूर्ण हुन सक्दैन । त्यसैले अध्ययन अनुसन्धान गर्नका लागि सीप क्षमता अध्ययन ढाँचा र संरचना हुनुपर्दछ । तसर्थ प्रस्तुत अध्ययनमा मनोवाद लेखन क्षमताको अध्ययन शीर्षकमा सम्बन्धित क्षेत्रमा पुगेर क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमध्ये जनसंख्या प्रतिनिधि नमुना छनोट गरी जम्मा १० वटा विद्यालयका १००

जना विद्यार्थीहरूमा यो अध्ययन सीमित रहेको छ । विद्यार्थीहरूको प्रत्यक्ष सहभागितामा मनोवाद लेखन कार्य गराइ उक्त कार्यबाट आएको परिणामलाई तुलनात्मक रूपमा छलफल गर्दै व्याख्या गरेर स्तर पहिचान गरिएको छ । विद्यालयका शिक्षक तथा विषय विशेषज्ञको सल्लाह सुझाव मनन् गरी विधि र प्रक्रिया प्रयोग गरिएको छ ।

## ३.२ जनसंख्या पहिचान

जनसंख्या भन्नाले कुनै निश्चित ठाउँको निश्चित वस्तु वा मानिसका समूहलाई बुझ्नु पर्दछ वा जनसंख्या भन्नाले अध्ययन गर्नका लागि लिइएको चरहरू भन्ने बुझिन्छ । यस अध्ययनका लागि २०७४ सालमा मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई जनसंख्याका रूपमा लिइएको छ । मोरङ जिल्लामा थुप्रै विद्यालय र विद्यार्थी भएपनि सबै विद्यार्थी र विद्यालयको प्रतिनिधित्त्व हुने गरी यो अध्ययनलाई अगाडि बढाउनु पर्ने भएकाले निश्चित क्षेत्र र जनसंख्या पहिचान गरिएको छ । प्रस्तुत शोधकार्य मोरङ जिल्लाका केराबारी र लेटाङमा रहेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा आठका विद्यार्थीहरू रहेका छन् । जसमा फरक फरक वर्ग, लिङग, फरक विद्यालयमा अध्ययनरत क्रमशः छात्र, छात्रा पर्ने गरी १०/१० जनाका दरले ५ वटा सामुदायिक ५ वटा संस्थागत विद्यालयबाट ५०/५० गरी जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना भित्रका जनसंख्याका रूपमा लिइएको छ ।

## ३.३ प्रतिनिधि नमुना छनोट

समग्र जनसंख्याबाट समान किसिमले प्रतिनिधित्त्व हुने गरी छनोट गर्ने कार्यलाई नमुना छनोट भनिन्छ । यस अध्ययनको प्रयोजन, समय, इत्यादि कारणले गर्दा सम्पूर्ण कक्षाको अध्ययन गर्न नसकिने र आवश्यक पनि नहुने भएकाले प्रस्तुत अध्ययनमा उक्त सिङ्गो जनसंख्याबाट सम्भावना नमुना छनोटका लागि मोरङ जिल्लाका कक्षा आठका जम्मा पाँचवटा सामुदायिक तथा पाँच वटा संस्थागत विद्यालयहरू छनोट गरिएका छन् । मोरङ जिल्ला भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट फरक-फरक वर्ग, लिङ्ग, भाषिक पृष्ठभूमिका तथा समावेशी ढङ्गबाट क्रमशः छात्र, छात्रा गरी प्रतिनिधि नमुना छनोट गरिएको छ । यसमा सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका प्रत्येक विद्यालयबाट १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीहरूको छनोट गरिएको छ ।

## छनोटमा परेका विद्यालय तथा विद्यार्थीहरू

| जिल्ला | विद्यालय | ठेगाना | विद्यार्थी संख्या | | विद्यालयको प्रकृति |
|---|---|---|---|---|---|
| | | | छात्रा | छात्रा | |
| मोरङ | श्री शान्ति भगवती उ.मा.वि | लेटाङ न.पा ४, मोरङ | ५ | ५ | सामुदायिक |
| | श्री शिक्षा विकास मा.वि | लेटाङ १० खेरूवा, मोरङ | ५ | ५ | सामुदायिक |
| | श्री जाँते मा.वि. | जाँते ९, मोरङ | ५ | ५ | सामुदायिक |
| | श्री कुवापानी आधारभूत वि | केराबारी १, मोरङ | ५ | ५ | सामुदायिक |
| | श्री मच्छिन्द्र उ.मा वि. | केराबारी १, मोरङ | ५ | ५ | सामुदायिक |
| | ग्यालेक्सी एकेडेमी | लेटाङ ३, मोरङ | ५ | ५ | संस्थागत |
| | लेटाङ ग्रीनभ्याली एकेडेमी | लेटाङ ४, मोरङ | ५ | ५ | संस्थागत |
| | लिटल फ्लावर बोर्डिङ स्कुल | लेटाङ मोरङ | ५ | ५ | संस्थागत |
| | पूर्वाञ्चल अल्मामेटर होम | लेटाङ मोरङ | ५ | ५ | संस्थागत |
| | के.यू एकेडेमी | केराबारी १, मोरङ | ५ | ५ | संस्थागत |
| जम्मा | १० | | ५० | ५० | |

## ३.४ सामग्री निर्माण

प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीको लेखन कला परीक्षण गरी तथ्याङ्क संकलन गर्नु पर्ने भएकाले सोही अनुरूप सामग्री निर्माण गर्न आवश्यक ठानियो । भाषाको दुई अभिव्यक्तिमध्ये लिखित सीपसँग सम्बन्धित मनोवाद लेखन अधिव्यक्ति जस्तो गहन विषयको लेखन विद्यार्थीहरूमध्येबाट गराउनु पर्ने भएकाले एक विषयहरूलाई शीर्षकका रूपमा प्रस्तुत गरिएको, प्रस्तुत शीर्षकमा जिल्ला स्तरीय निबन्ध प्रतियोगितामा आफू प्रथम हुँदा मनमा खेलेको तर्क वितर्कहरू समावेश गरी मनोवाद लेख्न लगाइयो । मनोवाद लेखन कलासँग सम्बन्धित गहन् विषय भएको र विद्यार्थीहरूबाट गराउनु पर्ने हुँदा समसामयिक काल्पनिक विषय शीर्षकका रूपमा प्रस्तुत गरियो । प्रस्तुत शीर्षकमा शोधनिर्देशकको आवश्यक सल्लाह र सुझावहरू पश्चात् अध्येताले प्रस्तुत अध्ययनको शीर्षक चयन गरिएको छ ।

## ३.५ परीक्षा सञ्चालन

प्रस्तुत अध्ययनमा पूर्व परीक्षण मोरङ जिल्लाको लेटाङ नगरपालिकाको ४ वटा संस्थागत, ३ वटा सामुदायिक विद्यालयमा र केराबारी गाउँपालिकाको २ वटा सामुदायिक, १ वटा संस्थागत विद्यालयको विद्यार्थीहरूमा गरियो । त्यसमा पूर्णाङ्क २० र ४५ मिनेट समय दिई मनोवाद लेख्न लगाइयो । मनोवाद लेखनपछि उत्तरपुस्तिका जाँचका लागि मूल्याङ्कनका निम्न आधारहरू तयार गरियो ।

| | |
|---|---|
| विषयवस्तु | ९ |
| संरचना, क्रमबद्धता | ३ |
| प्रस्तुति, शैली | ३ |
| वाक्यगठन | ३ |
| वर्णविन्यास | २ |
| जम्मा | २० |

विद्यार्थीहरूले लेखन गरेका मनोवादलाई प्रक्रियागत रूपमा जाँची पूर्व परीक्षणबाट प्राप्त नतिजा र निर्देशन सल्लाह अनुसार विषय शीर्षक दिई विद्यार्थीहरूमा सहज एवम्

व्यावहारिक विषयवस्तुको शीर्षकमा मनोवाद लेखन कार्यका लागि प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री जुटाउने ठहर गरियो ।

## ३.६ तथ्याङ्क संकलन

तथ्याङ्क संकलन कार्य आफैँमा जटिल कार्य हो, त्यसमा पनि प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्ने क्रममा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित शीर्षक र समयमा मनोवाद लेखनका लागि उनीहरूलाई प्रेरित गरियो । नमुना जनसंख्या छनोटका विद्यालयहरूबाट अध्येताले अपेक्षाकृत सहयोग पाउन सक्यो । जुनसुकै विद्यालयमा गए तापनि सम्मानजनक तरिकाले विद्यालयले दिन सक्ने सुविधा सबै उपलब्ध गराइयो ।

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्ने क्रममा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएका विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सूची तयार गरी आफ्नो अध्ययनका लागि १० जना विद्यार्थीहरू विभिन्न समूहमा छनोट गरियो र विद्यार्थीहरूलाई अलग अलग बेन्चमा बसालेर मनोवाद लेखन कार्यलाई अघि बढाइयो । जसको प्रश्नमा जिल्ला स्तरीय निबन्ध प्रतियोगितामा आफू प्रथम हुँदा मनमा खेलेका तर्क वितर्कहरू समावेश गरेर एउटा मनोवाद तयार पार्नुपर्ने थियो । जसमा पूर्णाङ्क २० मा विषयवस्तुलाई ९ अंक, संरचना/क्रमबद्धतालाई ३, प्रस्तुति/शैलीलाई ३, वाक्यगठनलाई ३ र वर्णविन्यासलाई २ मा दरले अंक प्रदान गरिएको छ ।

## ३.७ तथ्याङ्क संकलनका स्रोतहरू

### प्राथमिक स्रोत

प्रस्तुत अधययनमा सामग्री निर्माण गर्दा अध्ययनको उद्देश्य परिपूर्ति हुने गरी अध्ययनलाई शुद्धता, विश्वसनीयता र वैधता प्रदान गर्नका प्राथमिक स्रोत र द्वितीय स्रोत निर्माण गरी अनुसन्धान गरिएको छ । यसै क्रममा प्राथमिक स्रोत संकलन गर्न सम्बन्धित विद्यालयका विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्क गरिएको छ । विद्यार्थीहरूलाई एक शीर्षकमा मनोवाद लेखन कार्य गराइएको छ । प्राथमिक स्रोतको सामग्री निर्माण गर्ने क्रममा जिल्ला स्तरीय निबन्ध प्रतियोगितामा आफू प्रथम हुँदा मनमा खेलेका तर्क वितर्कहरू समावेश गरेर

एउटा मनोवाद तयार गर्न लगाइ तथ्याङ्क संकलन गरेर मनोवाद लेखनको उत्तरपुस्तिका परीक्षण गरी तुलना, परिणाम, छलफल र व्याख्या गरिएको छ ।

**द्वितीय स्रोत**

अनुसन्धानकर्ताले आफूभन्दा अघि कसैको उपयोग र व्याख्या विश्लेषण गरेको सूचनाहरूको अध्ययन गरेमा त्यस्ता सामग्रीलाई द्वितीयक सामग्री भनिन्छ । अनुसन्धान कार्य एकल प्रयासबाट मात्र सम्भव हुन सक्दैन यसका लागि विभिन्न व्यक्ति तथा संघ संस्थाको पनि सहयोगको आवश्यक पर्दछ ।

प्रस्तुत अध्ययनका प्रयोगमा ल्याइने विभिन्न शोधपत्र, सम्बन्धित पुस्तक, शोध निर्देशकको सल्लाह सुझाव लगायतका सामग्रीलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा लिइएको छ । जसमा प्रतिनिधि नमुना छनोटमा परेका विद्यार्थीहरूको नतिजामा सहजता ल्याउनका लागि विषय शिक्षक र साथीको सहायता लिइएको छ ।

## ३.८ व्याख्या विश्लेषण

कुनै पनि कार्यलाई सही र व्यवस्थित तरिकाले अगाडि बढाउँदै त्यसको निष्कर्षमा पुग्नका लागि तथ्याङ्कको विश्लेषण गर्नु आवश्यक पर्दछ । उक्त अध्ययनमा प्राप्त तथ्याङ्कका आधारमा प्रसङ्ग, सार, प्रस्तुतीकरण, भाषिक शुद्ध, शब्दभण्डारको प्रयोग, निष्कर्षजस्ता तत्त्वलाई आधार मानेर विश्लेषण गरिएको छ । यसका अतिरिक्त प्राप्त तथ्याङ्कलाई अङ्कका आधारमा उच्च, मध्यम र निम्न स्थानमा पर्ने विद्यार्थीको संख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरिएको छ र मनोवाद लेखन क्षमताको विश्लेषण गरिएको छ । अध्ययन विधि कार्यलाई पुरा गर्न वैज्ञानिक वस्तुनिष्ठ बनाउन अध्ययन विधि र प्रक्रियामा निर्भर रहन्छ । तसर्थ परम्परागत पद्दति अनुसार सङ्ग्रहित प्राथमिक र द्वितीयक सामग्री दुवै स्रोतलाई अवलम्बन गरी सङ्कलित तथ्याङ्कको व्याख्या र विश्लेषण गरी अन्त्यमा सारांश र निष्कर्ष समेत निकालिएको छ । समग्र विद्यालय, विद्यालय प्रकृति र र लैङ्गिकतालाई आधारमानी तुलनात्मक विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् ।

(क) **मध्यमान (mean)प्रयोग गरिएको सूत्र**

$$x = \frac{\Sigma fx}{N}$$

$x$ = मध्यमान

$\Sigma x$ = प्राप्ताङ्कहरूको कुल योगफल

N = जम्मा सङ्ख्या

(ख) **मानक विचलन(standard deviation) गणना गर्दा प्रयोगमा आएको सूत्र**

$$\sigma = \frac{\sqrt{\Sigma x^2}}{N}$$

$\sigma$ = मानक विचलन

$\Sigma x^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

(ग) **प्रतिशताङ्क (percentage) श्रेणी गणना गर्ने उपयोगमा आएको सूत्र**

$$P = \frac{R}{T} \times 10o$$

$p$ = प्रतिशत

$T$ = कुल विद्यार्थी सङ्ख्या

$R$ = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल सङ्ख्या

कुनै पनि कार्य गर्ने सिलसिलामा सामान्यतया त्रुटि वा गल्ती जो कोहीबाट पनि हुन सक्छ । त्यसैले गल्तीलाई सुधार गर्दै लैजानु उत्तम मानिन्छ । मनोवाद लेखनका क्रममा पनि विभिन्न किसिमका त्रुटिहरू हुने गर्दछन् । यस्ता त्रुटिहरू आफैँ वा शिक्षकले पत्ता लगाई सुधार गर्दै लैजानु पर्दछ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई मनोवाद लेखनमा सक्षम

बनाउन विभिन्न किसिमका क्रियाकलापहरूमा सहभागी गराउनु पर्दछ । यस्तै विद्यालयमा समय समयमा विभिन्न कार्यकलापहरूको आयोजना गरी निबन्ध, कथा, चिठी, वादविवाद लेखनजस्ता क्रियाकलापहरूको लेखन गराउन सकिन्छ । उनीहरूको लेखन क्षमतामा विकास गर्नका लागि कक्षाकार्य, गृहकार्यका रूपमा पनि दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक रूपमा मनोवाद लेखन गराउन सकिन्छ । यसका अतिरिक्त विभिन्न प्रतियोगितात्मक रूपमा विद्यार्थीहरूलाई सहभागी गराई प्रोत्साहन स्वरूप पुरस्कार प्रदान गर्ने गरेमा विद्यार्थीहरूलाई थप हौसला प्राप्त भई लेखनकार्यमा रूचि पैदा हुने गर्दछ जसले गर्दा लेखाइसीप विकासमा निकै सहयोग पुऱ्याउँछ ।

## ३.९ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुगठित रूप दिनका लागि पाँच अध्यायभित्रका मूल शीर्षकहरूमा विभाजन गरी आवश्यकता अनुसार शीर्षक तथा उपशीर्षकहरू राखी शोधपत्र तयार पारिएको छ । प्रस्तावित अध्ययनको ढाँचा वा रूपरेखालाई निम्नानुसार अध्ययनमा परिणत गरी व्यवस्थित गरिएको छ ।

### अध्याय एक

यस अध्याय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको पुनरावलोकन, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन जस्ता शीर्षकहरू समावेश गरिएको छ ।

### अध्याय दुई

यस अध्याय अन्तर्गत मनोवादको परिचय र परिभाषा, भाषा शिक्षणमा मनोवाद लेखनको आवश्यकता र प्रयोजन, मनोवाद लेखन र यसको लेखाइ सीपसँग सम्बन्ध, मनोवाद लेखनका चरणहरू, मनोवाद लेखनका मुख्य पक्ष वा विशेषताहरू, मनोवाद लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरू आदि शीर्षकहरू समावेश गरिएको छ ।

### अध्याय तीन

यस अध्याय तिनमा जनसंख्या छनोट, नमुना छनोट, सामग्री निर्माण, परीक्षा सञ्चालन, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता कार्यहरू समावेश गरिएको छ ।

**अध्याय चार**

यस अध्याय अर्न्तगत मोरङ जिल्लाका कक्षा आठमाा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति, समग्र मध्यमान र मानक बिचलनका आधारमा विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको समूहगत स्थितिको चर्चा गरिएको छ ।

**अध्याय पाँच**

यस अध्यायमा  सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति, मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको मनोवाद लेखन क्षमताको स्थिति, संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखनको क्षमताको स्थिति, मध्यमान र विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति, मनोवाद लेखनसम्बन्धी कमी कमजोरी **र** सुझावजस्ता शीर्षकहरूसमावेश गरिएको छ ।

**अध्याय छ**

अध्याय छ मा सारांश, निष्कर्ष, शैक्षणिक उपयोगिताजस्ता शीर्षकहरू समावेश गरिएको छ ।

**सन्दर्भसूची**

**परिशिष्ट**

**व्यक्तिवृत**

# अध्याय चार

## समग्र विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति

### ४.१ कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति

निम्न माध्यमिक तहको महत्त्वपूर्ण कक्षा आठ हो । यस तह र कक्षाको स्तर विद्यार्थीको उमेर क्षमता अनुरूप भाषिक सीप विकासका लागि पाठ्यक्रमले विविध उद्देश्य निर्धारण गरेको पाइन्छ । भाषाका चारवटा सीपहरूमा सबै पक्षलाई मनोवाद लेखनले प्रभावकारी भूमिका खेल्न सक्ने विधा हो । नमुना छनोटमा परेका विद्यार्थीहरूको मनोवाद लेखन सम्बन्धी वास्तविकता पत्ता लगाउने कोशिस गरिएको छ । सो विद्यार्थीहरूमा उनीहरूले जानेका बुझेका र अनुभव गर्न सक्ने, काल्पनिकताको सिर्जना गर्न सक्ने विषयलाई शीर्षकको रूपमा दिई परीक्षा गराइएको छ । विद्यार्थीहरूले व्यक्त गरेका कुराहरूलाई विषयवस्तु, संरचना/क्रमबद्धता, प्रस्तुति/शैली, वाक्यगठन र वर्णविन्यास जस्ता तत्त्वलाई आधार मानेर सो को परिणामको छलफल गर्दै अध्ययनलाई अगाडि बढाउने कोशिस गरिएको छ ।

प्रस्तुत अध्ययनका मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । अध्याय तिनमा प्रस्तुत गरिएको अध्ययन विधि अनुसार शोध कार्य मोरङ जिल्ला भित्रका १०० जना विद्यार्थीहरूबाट अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गरिएको छ । प्राप्त गरिएको सामग्रीलाई उचित तरिकाले व्याख्या विश्लेषण गरेर मात्र अनुसन्धान सफल हुने भएकाले व्याख्या विश्लेषण र छलफल गरिएको छ । मोरङ जिल्ला भित्रका १० वटा विद्यालयको १०० जना विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई विषयवस्तु, संरचना/क्रमबद्धता, प्रस्तुति/शैली, वाक्यगठन र वर्णविन्यास जस्ता तत्त्वलाई आधार मानेर विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा सामुदायिक र संस्थागत विद्यालयको मनोवाद लेखन क्षमताको तुलनात्मक अध्ययन, छात्र छात्राको मनोवाद लेखन क्षमताको अध्ययन र समग्रमा सबैको अध्ययन गरिएको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमतालाई जाँच्ने क्रममा ३० प्रतिशतदेखि ८५ प्रतिशतसम्म श्रेणी निर्धारण गरिएको छ । यहाँ ०-३५% प्राप्ताङ्क ल्याउने विद्यार्थीलाई निम्न श्रेणीमा राखिएको छ । ३६-४९% प्राप्ताङ्क ल्याउने विद्यार्थीलाई मध्यम श्रेणीमा राखिएको छ । ५०-

६९ % प्राप्ताङ्क ल्याउने विद्यार्थीलाई उत्तम श्रेणीमा राखिएको छ । ७०-८५% प्राप्ताङ्क ल्याउने विद्यार्थीलाई अति उत्तम श्रेणीमा राखिएको छ । यसमा विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको गणना प्रतिशतका आधारमा चार श्रेणीमा वर्गीकरण गरी तलको तालिकामा प्रस्ट पारिएको छ ।

### ४.१.१ समग्र विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति


**तालिका नं. १**

| कुल विद्यार्थी संख्या | ०-३५%सम्म | | ३६-४९%सम्म | | ५०-६९%सम्म | | ७०-८५%सम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १०० | १९ | १९ % | २४ | २४% | ३३ | ३३% | २४ | २४% |

माथिको तालिकालाई अझ विस्तृत रूपमा प्रस्टाउनका लागि निम्नानुसारको स्तम्भ चित्र पनि प्रस्तुत गरिएको छ ।

**समग्र विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको प्रतिशताङ्क समग्र स्थिति**

**तालिका नं. १ को स्तम्भ चित्र**



माथिको प्रस्तुत तालिका र स्तम्भचित्रलाई आधार मानी विश्लेषण गर्दा प्रतिनिधि जनसंख्याका रूपमा छनोट गरिएको कुल १०० जना विद्यार्थीहरूका संख्यालाई उनीहरूले प्राप्त गरेको अङ्कका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार ०-३५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १९ प्रतिशत देखिन्छन् । त्यस्तैगरी ३६-४९ प्रतिशतसम्म  अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २४ प्रतिशत देखिन्छन् । त्यस्तैगरी ५०-६९ प्रतिशतसम्म  अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ३३ प्रतिशत देखिन्छन् र ७०-८५ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २४ प्रतिशत रहेको छ ।

समष्टिगत आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्दा सबैभन्दा बढी ५० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्नेको संख्या बढी देखिन्छ जुन ३३ प्रतिशत विद्यार्थीहरूले सो अङ्क ल्याउन सक्षम भएका छन् । यसरी निम्नतम श्रेणी मापन गरिएका विद्यार्थी १९ प्रतिशत भएको र मध्यम र उत्तम श्रेणीको अङ्क ल्याउने विद्यार्थीको संख्या बराबर रहेको छ जुन २४ प्रतिशत अङ्क ल्याउन सक्षम भएका छन् । यसबाट मोरङ जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

## ४.२ समग्र मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति

तालिका नं. २

| कुल विद्यार्थीसंख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा तल | | मध्यमान भन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १०० | ११.५ | ३.३९ | ५२ | ५२% | ४८ | ४८% |

माथिको तालिका अनुसार प्रतिनिधि नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूमध्ये मध्यमान भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ५२ प्रतिशत रहेको र मध्यमान भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४८ प्रतिशत रहेको छ । माथिको

तथ्याङ्क अनुसार मध्यमान भन्दा तल र माथिको अन्तर ४ प्रतिशतको देखिन्छ । यसरी हेर्दा पूर्णाङ्क २० मा १७ अङ्क ल्याउने विद्यार्थीहरू पनि छन् भने ६ अङ्क ल्याउने विद्यार्थीहरू पनि छन् तर समग्रमा विद्यार्थीहरूको मनोवाद लेखन क्षमता राम्रै देखिन्छ । मनोवाद लेखनको बारेमा अझ स्पष्टसँग विषयवस्तु, संरचना, प्रस्तुति, वाक्यगठन, वर्णविन्यास सम्बन्धी ज्ञान दिन सकेमा अझै विद्यार्थीहरूले मनोवाद लेखन क्षमता तिखार्न सक्ने सम्भावना देखिन्छ ।

# अध्याय पाँच

# विद्यालय प्रकृतिका आधारमा मनोवाद लेखन क्षमताको अध्ययन

## ५.१ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति

भाषाका चारवटा सीपहरूमध्ये लेखन सीप पनि महत्त्वपूर्ण भाषिक सीप हो । आफ्ना मन मस्तिष्क भित्र रहेका भाषा वा विचारलाई लिपि चिह्नको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गरिने प्रक्रियालाई लेखाइ भनिन्छ । लिपि चिह्न, हिज्जेको सही जानकारी तथा आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ उपयोगी हुन्छ । मनोवाद लेखनले पनि लेखाइ सीपमा विकास गराउनका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यस अध्ययनमा मोरङ जिल्लाका लेटाङ नगरपालिका र केराबारी गाउँपालिका अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययन गर्ने क्रममा यस अध्ययनमा विद्यालय प्रकृतिका आधारमा मनोवाद लेखन क्षमताको अध्ययन गरिएको छ । अध्ययनका क्रममा विषयवस्तु, संरचना, प्रस्तुति, वाक्यगठन, वर्णविन्यास आदि पक्षको अध्ययन गरिएको छ । जसलाई विद्यालय प्रकृतिका आधारमा यसरी विश्लेषण गर्न सकिन्छ ।

**तालिका नं. ३**


| विद्यार्थी संख्या | ०-३५ प्रतिशत सम्म | | ३६-४९ प्रतिशत सम्म | | ५०-६९ प्रतिशत सम्म | | ७०-८५ प्रतिशत सम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | १३ | २६% | ११ | २२ % | १६ | ३२ % | १० | २०% |

प्रस्तुत तालिका मोरङ जिल्ला अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमतालाई प्रतिशताङ्कमा देखाइएको छ । जस अन्तर्गत ५० जना विद्यार्थीहरू छनोट गरिएको छ । यसलाई ४ श्रेणीमा विभाजन गरी अध्ययन गरिएको छ । सबैभन्दा तल्लो श्रेणीमा ०-३५ प्रतिशतसम्म वा निम्न स्तरमा १३ जना विद्यार्थी रहेको

छ जसको प्रतिशत २६% रहेको छ । त्यसै गरी ३६-४९ प्रतिशतसम्म वा मध्यम स्तरमा ११ जना विद्यार्थी रहेका छन् जसको प्रतिशत २२% रहेको छ । त्यस्तै ५०-६९ प्रतिशतसम्म वा उत्तम स्तरमा १६ जना विद्यार्थी रहेको छ जसको प्रतिशत ३२% रहेको छ र अति उत्तम स्तर ७०-८५ प्रतिशत सम्म १० जना विद्यार्थी रहेको छ । जसको प्रतिशत २०% रहेको छ । प्रस्तुत अध्ययनमा आएका यी तथ्यहरूलाई दृष्टिगत गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मनोवाद लेखन क्षमता उत्तम नै पाइन्छ । जसलाई थप स्पष्ट पार्न स्तम्भ चित्रमा यसरी देखाइन्छ ।

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

**स्तम्भ चित्र नं. २**




माथि देखाइएको स्तम्भ चित्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति देखाइएको छ । जसमा ०-३५ प्रतिशत अङ्क ल्याउने विद्यार्थी २६ प्रतिशत, ३६-४९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी २२ प्रतिशत, ५०-६९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी ३२ प्रतिशत र ७०-८५ प्रतिशत अङ्क ल्याउने विद्यार्थी २० प्रतिशत देखिन्छ ।

## ५.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययन

सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूको मनोवाद लेखन क्षमतालाई विद्यार्थीको प्राप्ताङ्कका आधारमा मध्यमान र मानक विचलन निकाली निम्नानुसार व्याख्या गरिएको छ ।

**तालिका नं. ४**

| विद्यार्थी संख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा तल | | मध्यमान भन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | १०.५८ | ३.५५ | २४ | ४८% | २६ | ५२% |

माथिको तालिका अनुसार मध्यमान १०.५८ र मानक विचलन ३.५५ रहेको छ । जसमा प्रतिनिधि जनसंख्याका रूपमा ५० जना विद्यार्थी रहेका छन् । प्रस्तुत मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा तल २४ जना र प्रतिशत ४८% र मध्यमान भन्दा माथि मनोवाद लेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २६ र प्रतिशत ५२% रहेको छ । यसकारण सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.३ संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति

प्रस्तुत शोधपत्रमा विद्यालय प्रकृतिका आधारमा मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययन गर्ने उद्देश्य निर्धारण गरिएको छ । त्यसैलाई आत्मसात् गरी मोरङ जिल्लाका पाँचवटा संस्थागत विद्यालयमा विद्यार्थीको मनोवाद लेखन गराइ नतिजा निकाली सो को व्याख्या विश्लेषण यसरी गरिएको छ ।


**तालिका नं. ४**

| विद्यार्थी संख्या | ०-३५ प्रतिशत सम्म | | ३६-४९ प्रतिशत सम्म | | ५०-६९ प्रतिशत सम्म | | ७०-८५ प्रतिशत सम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | ५ | १०% | ७ | १४ % | १९ | ३८ % | १९ | ३८% |

प्रस्तुत तालिका अनुसार प्रतिनिधि जनसंख्याका रूपमा ५० जना विद्यार्थीहरू रहेका छन् । सबैभन्दा तल्लो श्रेणीमा ०-३५ प्रतिशतसम्म वा निम्न स्तरमा ५ जना विद्यार्थी रहेको छ जसको प्रतिशत १०% रहेको छ । त्यस्तै गरी ३६-४९ प्रतिशतसम्म वा मध्यम स्तरमा ७ जना विद्यार्थी रहेको छ जसको प्रतिशत १४% रहेको छ । त्यस्तै ५०-६९ प्रतिशतसम्म वा उत्तम स्तरमा १९ जना विद्यार्थी रहेका छन् जसको प्रतिशत ३८% रहेको छ र अतिउत्तम स्तर ७०-८५ प्रतिशत सम्म १९ जना विद्यार्थी रहेका छन् । जसको प्रतिशत ३८% रहेको छ । प्रस्तुत अध्ययनमा आएका यी तथ्यहरूलाई दृष्टिगत गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मनोवाद लेखन क्षमता उत्तम नै पाइन्छ । जसलाई थप स्पष्ट पार्न स्तम्भ चित्रमा यसरी देखाइन्छ ।

**संस्थागत विद्यालयका विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

**स्तम्भ चित्र नं.३**



माथिको चित्रमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिशताङ्क उल्लेख गरिएको छ । जसमा ३५ प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी संख्या ५ र १० प्रतिशत, ३६-४९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या ७ जना, १४ प्रतिशत, ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या १९ जना ३८ प्रतिशत र ७०-८५ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या १९ जना ३८ प्रतिशत रहेको छ । जसबाट संस्थागत विद्यालयका विद्यार्थीहरूको मनोवाद लेखन क्षमता धेरै राम्रो देखिन्छ ।

## ५.४ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति

संस्थागत विद्यालयमा अध्ययनरत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमतालाई विद्यार्थीको प्राप्ताङ्कका आधारमा मध्यमान र मानक विचलनका निकाली व्याख्या गरिएको छ ।

**तालिका नं. ५**

| विद्यार्थी संख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा तल | | मध्यमान भन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | १२.१ | ९.६० | २७ | ५४ % | २३ | ४६% |

प्रस्तुत तालिकामा मोरङ जिल्लाको केराबारी गाँउपालिका र लेटाङ नगरपालिकाका संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको मध्यमान र मानक विचलन देखाइएको छ । जसमा जनसंख्याका रूपमा ५० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ । प्रस्तुत तालिकामा मध्यमान १२.१ र मानक विचलन ९.६० रहेको छ । मध्यमान भन्दा तल २७ जना विद्यार्थी ५४ प्रतिशत रहेको र मध्यमान भन्दा माथि २३ जना विद्यार्थी, ४६ प्रतिशत रहेको छ । जसबाट संस्थागत विद्यालयका विद्यार्थीहरूको मनोवाद लेखन क्षमता सन्तोषजनक नै पाउन सकिन्छ ।

## ५.५ लैङ्गिकताका आधारमा मनोवाद लेखन क्षमताको अध्ययन

यस अध्ययनमा मोरङ जिल्लाका जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययन पश्चात् प्राप्ताङ्कहरूलाई विभिन्न श्रेणीमा राखिसकेपछि व्याख्या विश्लेषण गरियो । यसै क्रममा लिङ्गका आधारमा छात्रा र छात्र विद्यार्थीहरूको पनि क्षमता पत्ता लगाएको छ । जसलाई निम्नानुसार तालिकामा देखाइन्छ ।

**लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको मनोवाद लेखन क्षमताको स्थिति**


तालिका नं.६

| समूह | ०-३५ % | | ३६-४९% | | ५०-६९% | | ७०-८५% | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| छात्र | १४ | २८% | ९ | १८ % | १६ | ३२% | ११ | २२% |
| छात्रा | ३ | ६% | ६ | १२ % | २१ | ४२% | २० | ४०% |

माथिको तालिका अनुसार ३० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रहरूको संख्या बढी रहेको छ । जस अनुसार छात्रको संख्या १४ छ भने २८ प्रतिशत रहेको छ, छात्राको संख्या ३ छ र ६ प्रतिशत रहेको छ । त्यस्तै ३६-४९ प्रतिशत अङ्क प्राप्त गर्ने छात्रहरू कै संख्या बढी रहेको छ । जस अनुसार छात्रको संख्या ९ छ भने १८ प्रतिशत रहेको छ, छात्राको संख्या ६ छ र १२ प्रतिशत रहेको छ । त्यस्तै ५०-६९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीहरूमा भने छात्राहरूको संख्या बढी रहेको छ । जस अनुसार छात्राको संख्या २१ छ भने ४२ प्रतिशत रहेको छ, छात्राको संख्या १६ छ र ३२ प्रतिशत रहेको छ । त्यसै गरी ७०-८५ प्रतिशतसम्म अङ्क प्राप्त गर्नेमा पनि छात्रा नै अगाडि देखिन्छन् । जस अनुसार छात्राको संख्या २० छ भने ४० प्रतिशत रहेको छ, छात्रको संख्या ११ छ र २२ प्रतिशत रहेको छ । यसरी समग्रमा प्राप्ताङ्क र प्रतिशताङ्कलाई व्याख्या गर्नुपर्दा मनोवाद लेखन कार्यमा छात्र (केटा) भन्दा छात्रा (केटी) नै अगाडि भएको निष्कर्षमा पुग्न सकिन्छ । यसलाई स्तम्भ चित्रद्वारा स्पष्ट पारिएको छ ।

**लैङगिकताका आधारमा विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

स्तम्भ चित्र नं.४




माथिको चित्रबाट छात्र र छात्राको मनोवाद लेखन क्षमताको प्रतिशताङ्कको स्थिति देखाइएको छ । यसबाट मनोवाद लेखन कार्यमा लैङ्गिकताको आधारमा विश्लेषण गर्नुपर्दा छात्रहरू भन्दा छात्राहरू नै अगाडि रहेको तथ्यले देखाउँदछ ।

## ५.६ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको मनोवाद लेखन क्षमताको स्थिति

कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययन शीर्षकमा गरिएको अध्ययनबाट आएका प्राप्ताङ्कका आधारमा मध्यमान र मानक विचलनको स्थितिलाई यसरी देखाइन्छ ।

**तालिका नं.७**

| विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमान भन्दा तल | | मध्यमान भन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| छात्र | १०.३२ | २.५८ | २९ | ५८ | २१ | ४२ |
| छात्रा | १२.६८ | ३.०८ | १३ | २६ | ३७ | ७४ |

माथिको तालिकामा मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा मनोवाद लेखन क्षमताको अध्ययनलाई विश्लेषण गर्न मध्यमान र मानक विचलनलाई देखाइएको छ । जस अन्तर्गत छात्रा ५० जना र छात्र ५० जना गरी १०० जना प्रतिनिधि नमुनाका रूपमा राखी अध्ययन गरिएको थियो । जसमा छात्रको मध्यमान १०.३२ र मानक विचलन २.५८ रहेको छ । साथै छात्राको मध्यमान १२.६८ र मानक विचलन ३.०८ रहेको छ ।

प्राप्त नतिजाबाट के निष्कर्ष निकाल्न सकिन्छ भने मनोवाद लेखन कार्यमा केटाहरू भन्दा केटीहरू नै अगाडि रहेको पाउन सकिन्छ । तर पनि मनोवाद लेखन क्षमता समग्रमा राम्रो नै मान्न सकिन्छ ।

## ५.७ मनोवाद लेखन सम्बन्धी कमी कमजोरी

प्रस्तुत शोधकार्य मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन कार्यमा सम्बन्धित भएकाले यसका लागि मोरङ जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयलाई नमुना छनोटमा पारी उक्त दशवटा विद्यालयमा गई कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमध्ये पनि १०० जना विद्यार्थीहरूलाई अध्ययन अनुसन्धानका लागि छनोट गरिएको छ । उक्त अध्ययनका लागि मनोवाद क्षमता पहिचान गर्न एक शीर्षकमा परीक्षा लिइ प्राप्ताङ्कको विश्लेषण गरिएको छ ।

कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा मनोवाद लेखन कार्य गराई सकेपछि उनीहरूको प्राप्ताङ्कका आधारमा स्तरको पहिचान गर्दा विभिन्न खाले समस्या देखिएको छ । सबैभन्दा सुरूमा त कक्षा आठमा मनोवाद अध्यापन नहुने भएकाले यसलाई उनीहरूले एकचोटि सुनेको भरमा मनोवाद लेख्नु पर्दा कमजोरी भएको हो । जस अन्तर्गत विषयवस्तुलाई सिलसिलेवार रूपमा प्रस्तुत गर्न समस्या देखिएको छ । मनोवादको नियम ढाँचा अनुसार मिलाउन कठिनाइ भएको कारण संरचनामा समस्या रहेको देखिन्छ । मनोवादमा कल्पनाको प्राधान्यता रहने हुनाले ज्यादा काल्पनिकतामा गई विषयवस्तुभन्दा बाहिरका कुराहरूको संलग्नता पाइएको छ साथै संवेगका कुराहरूलाई विषयवस्तु अनुरूप मिलान गर्न नसकेको हो कि भन्ने भान अनुसन्धातालाई पर्न गएको छ । वर्णविन्यासमा पनि धेरै त्रुटि पाइएको छ ।

रूपक विधा अन्तर्गत पर्ने मनोवाद एक जटिल विधा हो जहाँ व्यक्तिको मनमा कुनैपनि विषयका बारेमा चल्ने अन्तर्द्वन्द्व हो । जसलाई बुझाउन परिवेश अनुसार संवेगहरूलाई कोष्ठकमा दिनुपर्ने हुन्छ । यस मनोवाद लेखन कार्य आफैँमा जटिल कार्य भएपनि विद्यार्थीहरूले सकेसम्म राम्रो गर्ने कोशिस गरेको छ । कुनै पनि कार्य गर्दा एकैचोटि सफल नहुने भएका कारण पटकपटकको पुनरावृत्ति गर्नुपर्ने हुन्छ तब मात्र कार्यले मूर्त रूप पाउन सक्छ । तसर्थ यस मनोवाद लेखन कार्यका क्रममा विद्यार्थीहरूमा रहेको मनोवाद लेखन सम्बन्धी केही कमी कमजोरीहरूलाई निम्नानुसार देखाइन्छ ।

- मनोवाद लेखन विधि प्रक्रियासँग अपरिचित,
- विषयवस्तुमा ज्ञानको कमी,
- विषयवस्तुमा आदि, मध्य, अन्त्य भागको संयोजनको अभाव,
- समय सीमाको ख्याल नहुनु,
- मनोवाद लेखन कार्यलाई हल्का रूपमा लिनु,
- अधिक मात्रामा काल्पनिक हुनु,
- मनोवाद लेखनको नियममा ज्ञानको कमी,
- विषयवस्तु र मौलिकताको उचित तालमेल नहुनु,
- मनोवादको संरचना आदि, मध्य र अन्त्यको प्रष्ट जानकारी नहुनु ।

यस अध्ययनको उद्देश्य भनेको विद्यार्थीहरूको लेखन सीपको परीक्षण गर्नु हो । मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूका बीचमा यस किसिमका चुनौति र अवसर दुवै थिए यद्यपि यस कार्यलाई अवसरका रूपमा सदुपयोग गरी भोलिका दिनमा आफ्नो अध्ययनलाई अझ व्यवस्थित बनाउने मौका विद्यार्थीमा आएको छ । यसका साथै शिक्षकहरूले पनि उनीहरूलाई यसका बारेमा अझ अभ्यास गर्ने मौका दिई अन्य विधालाई जस्तै मनोवाद लेखन कार्यलाई मर्यादित र व्यवस्थित रूप दिनका लागि सहयोग गर्नुपर्ने देखिन्छ ।

यी माथि उल्लिखित कमी कमजोरीहरूको बाबजुद पनि विद्यार्थीहरूको प्रयास र प्राप्ताङ्कका आधारमा मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमतालाई सन्तोषजनक नै मान्न सकिन्छ ।

## ५.८ सुझावहरू

निम्न माध्यमिक तहको नेपाली भाषा विषयमा मनोवाद विधालाई ऐच्छिक नगरी कथा, कविता विधाजस्तै अनिवार्य रूपमा लागू गरिनु पर्दछ ।

- संस्थागत विद्यालय र सामुदायिक विद्यालयको तुलनात्मकताका आधारमा मनोवाद लेखन क्षमतालाई व्याख्या गर्दा सामुदायिक विद्यालयका विद्यार्थी र लैङ्गिकताका आधारमा छात्र विद्यार्थी कमजोर देखिएकाले उनीहरूको लेखन स्तर उकास्न प्रशस्त लिखित कक्षा कार्य तथा गृहकार्य गर्न लगाएर त्यसको मुल्याङ्कन गरी उत्प्रेरणा र सुझाव दिनुपर्ने देखिन्छ ।
- लेखाइ सीपलाई प्रोत्साहन दिनका लागि भाषा पाठ्यक्रम तथा भाषा पाठ्यपुस्तकमा समाविष्ट लेखाइ सीपलाई विशेष महत्त्वका साथ समावेश गरिनुपर्दछ ।
- अध्ययन अध्यापनका क्रममा शिक्षण केन्द्रित शिक्षणभन्दा विद्यार्थी केन्द्रित शिक्षण विधिलाई प्राथमिकता दिनुपर्दछ ।
- संस्थागत विद्यालयका विद्यार्थीहरूको मनोवाद क्षमता राम्रो भएर पनि वर्णविन्यास, चिह्न प्रयोगमा त्रुटि पाइएकाले उनीहरूलाई अझ लेखन कार्यमा सहभागी गराएर आफ्ना त्रुटिहरू तत्कालै औँल्याइदिनु पर्दछ ।
- भाषाका चार सीपहरूको उन्नयनका लागि मनोवादलाई मौखिक अभिव्यक्तिमा मात्र सीमित नराखी लिखित रूपमा जोड दिनु पर्दछ ।
- अधिकाशं विद्यालयमा अनिवार्य नेपाली पढाउने शिक्षक तालिम अप्राप्त भएकाले शिक्षकलाई बेला बेलामा तालिम तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिनुपर्दछ ।
- नेपाली विषयमा विशिष्टीकरण गरेका र तालिम प्राप्त शिक्षकहरूद्वारा नै नेपाली विषय पढाउने परिपाटीको व्यवस्था गर्नुपर्दछ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र उपयोगिता

## ६.१ सारांश

प्रस्तुते **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमता** शोध अध्ययनको अध्याय एकमा शोध शीर्षकमा समेटिएका विषयहरू, शोध अध्ययनमा उठाएका समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, र सीमाङ्कनहरूको सन्दर्भमा खुलासा गरिएको छ । यसमा पूर्व अध्ययनको समीक्षाको रूपमा विभिन्न विद्वानहरूद्वारा  विद्यालय तथा विश्वविद्यालय तहका लागि तयार पारिएका पाठ्यसामग्रीहरू र विभिन्न शोधकार्यका निष्कर्षहरूलाई संक्षेपमा चर्चा गरिएको  छ । पूर्वकार्यको समीक्षाले प्रस्तुत अनुसन्धानको क्षेत्र र शीर्षक चयन गर्न, सम्बद्ध समस्याहरूलाई राम्ररी पहिचान गर्न, अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न अनुसन्धान पद्दति तथा ढाँचा किटान गर्न र अनुसन्धानलाई पृथक एवम् मौलिक तुल्याउँदै सार्थक निष्कर्षमा पुऱ्याउन मद्दत पुगेको कुरा यस अध्यायमा उल्लेख गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय दुईमा मनोवादको परिचय, आवश्यकता र प्रयोजन, मनोवाद र लेखन र यसको लेखाइ सीपसँगको सम्बन्ध, लेखनका चरणहरू, मुख्य विशेषताहरू र मनोवाद लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गरिएको छ । मनोवादको परिचयदेखि लेखनको प्रक्रियाहरूको यावत् पक्षहरूलाई यस अध्याय अन्तर्गत प्रस्ट्याउने काम गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय तीनमा अध्ययन विधि र प्रक्रियालाई उल्लेख गरिएको छ । यसका साथै यस शोध अध्यायभित्र सामग्री निर्माण, परीक्षा सञ्चालन, व्याख्या विश्लेषण आदिजस्ता पक्षहरू पनि समेटिएका छन् । यस शोध अध्ययनमा नमुना सर्वेक्षण विधिको प्रयोग गरी मोरङ जिल्लाभित्र रहेका विभिन्न विद्यालयहरूमध्ये ५ सामुदायिक र ५ संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना जनसंख्या मानेर सामग्री संकलन गरिएको कुरा यहाँ खुलाइएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय चारमा मोरङ जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको स्थिति र समग्र मध्यमान र मानक बिचलनका आधारमा समग्र विद्यार्थीको मनोवाद लेखन क्षमताको स्थितिका बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय पाँचमा समग्र विद्यार्थीहरूको मनोवाद लेखन क्षमता पत्ता लगाउने, सामुदायिक र संस्थागत क्षमताको विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमता, छात्रा र छात्रहरूको मनोवाद लेखनको तुलना गर्ने, कक्षा आठका विद्यार्थीहरूको मनोवाद लेखन सम्बन्धी समस्याहरू पत्ता लगाउने र ती समस्याहरूको समाधानका लागि सुझावहरू प्रस्तुत गर्ने उद्देश्य राखिएको यस अध्यायमा उल्लेख गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय छमा सारांश, निष्कर्ष र उपयोगिता उल्लेख गरिएको छ । कुनैपनि विषयवस्तुको बारेमा विस्तृत रूपमा नगई मुख्य मुख्य कुराहरूलाई मात्र छान्ने काम सारांश हो । यस शोधपत्रका बारेमा अन्तिम खण्डमा दिइएको सारांशले भावी शोधार्थीलाई सहज तुल्याउँदछ ।

कुनैपनि विषय वा प्रसङ्गलाई लिएर एक्लो अवस्थामा आफैँसँग गरिने एकोहोरो कुराकानीलाई मनोवाद भनिन्छ । मनोवादले पात्रको एक्लो गुनगुन वा मनमनै गरिएको कुरा भन्ने बुझाउँछ । मनोवादले कुनै विषयप्रति मानिसका मनमा आउने विशृङ्खलित सोचाइलाई संगठित रूपमा राख्ने काम गर्दछ ।

कक्षा आठको पाठ्यक्रममा स्वतन्त्र विधा अन्तर्गत विभिन्न विधाहरू समावेश गरिएका छन् तर मनोवाद विधा भने समावेश भएको छैन । जसका कारण मनोवाद विधाको बारेमा विद्यार्थीहरू खासै जानकार नभएको जस्तो देखिन्छ । मनोवाद लेखनबाट निर्देशित र सिर्जनात्मक दुवै किसिमको अभ्यास गराउन सकिन्छ । मनोवाद लेखनको मुख्य उद्देश्य भनेको सीप हासिल गर्नु हो । लेखाइ सीपको विकासमा मनोवाद लेखनको स्थान उच्च छ विद्यार्थीहरूमा सम्पूर्ण लेखाइ सम्बन्धी धारणात्मक, प्रयोगात्मक, संज्ञानात्मक सीप विकास गराउन मनोवाद लेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ । यसले गर्दा मनोवाद लेखनलाई विशेष महत्त्व दिनुपर्ने देखिन्छ । मनोवाद लेखन अभ्यासबाट विद्यार्थीहरूमा स्वतन्त्र लेखन साथै सिर्जनात्मक लेखनमा टेवा पुग्दछ । मानक स्तरीय रूप लेखन,

वर्णविन्यासको उचित प्रयोग गरी बौद्धिक क्षमताको विकास गर्न मनोवाद लेखनले सहयोग पुऱ्याउने हुनाले लेखन कलाको विकास गराउँदै लैजानका लागि मनोवाद लेखन अभ्यासलाई विद्यालयको तल्लो तहदेखि माथिल्लो तहसम्म पाठ्यक्रममा राखेर अध्ययन अध्यापन गराउँदै लैजानु पर्ने देखिन्छ ।

प्रस्तुत अध्ययनको उद्देश्य प्राप्तिका लागि मोरङ जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयलाई नमुना छनोटका लागि लिइएको छ । उक्त विद्यालयका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ । जसमध्ये ५० जना सामुदायिक र ५० जना संस्थागत विद्यालयका विद्यार्थी रहेका छन् । विद्यार्थीहरूको मूल्याङ्कनका लागि जिल्ला स्तरीय निबन्ध प्रतियोगितामा आफू प्रथम हुँदा आफ्नो मनमा खेलेका तर्क वितर्कहरूलाई समेटी एउटा मनोवाद तयार गर्न लगाइ परीक्षण गरिएको छ । विद्यार्थीहरूको मनोवाद लेखन क्षमतालाई विषयवस्तु, संरचना, प्रस्तुति, वाक्यगठन र वर्णविन्यासका आधारमा र अति उत्तम, उत्तम, मध्यम र निम्न श्रेणीका आधारमा वर्गीकरण गरी व्याख्या गरिएको छ । प्रस्तुत अध्ययनबाट प्राप्त नतिजा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको नतिजामा केही अगाडि पाइन्छ । साथै लैङ्गिकताका आधारमा नतिजालाई व्याख्या गर्नु पर्दा केटाहरू भन्दा केटीहरू अगाडि भएको तथ्य निकालिएको छ । समग्रमा नतिजा सन्तोषजनक नै भएको मान्न सकिन्छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत अध्ययन मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययनमा गरिएको शोधकार्यमा विभिन्न खोज र अनुसन्धानको क्रममा प्राप्त गरेको परिणामको व्याख्या र विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययन गर्दा अध्याय एकदेखि अध्याय छसम्म गरिएको छ । सो अध्ययनबाट आएको निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार देखाइएको छ ।

- पूर्णाङ्क २० को परीक्षामा सामुदायिक विद्यालयका विद्यार्थीहरूले पाएको जम्मा अङ्क ५२९ र संस्थागत विद्यालयका विद्यार्थीहरूले पाएको जम्मा अङ्क ६०५ रहेको छ ।
- समग्रमा विद्यार्थीहरूको प्राप्ताङ्कलाई गणितीय तथ्याङ्कमा मध्यमानका आधारमा हेर्दा कक्षा आठका विद्यार्थीहरूमा २० पूर्णाङ्कको परीक्षणमा ११.५ र मानक विचलनका आधारमा हेर्दा ३.३९ रहेको छ । समग्र विद्यार्थीहरूमा मध्यमान भन्दा तल ५२% र मध्यमान भन्दामाथि ४८% रहेको छ ।
- सामुदायिक विद्यालयका मध्यमान १०.५८ र मानक विचलन ३.५५ रहेको छ भने संस्थागत विद्यालयको मध्यमान १२.१ र मानक विचलन ९.६० रहेको छ । मध्यमान भन्दा तल २४% र मध्यमान भन्दा माथि २६% सामुदायिक विद्यालयका विद्यार्थीहरू रहेका छन् ।
- लैङ्गिकताका आधारमा छात्रहरूको प्राप्ताङ्क ५१६ र छात्राहरूको प्राप्ताङ्क ६३४ रहेको छ र छात्रहरूको मध्यमान १०.३२ र मानक विचलन २.९८ हो भने छात्राहरूको मध्यमान १२.६८ र मानक विचलन ३.०८ रहेको छ । मध्यमान भन्दा तल ल्याउने छात्रहरू २९% र छात्राहरू १३% रहेको र मध्यमान भन्दा माथि ल्याउने छात्रहरू २१% र छात्राहरू ३७% रहेको छ । मनोवाद लेखन विधि प्रक्रियासँग अपरिचित,
- समग्रमा कक्षा आठका विद्यार्थीहरूमा विषयवस्तुमा ज्ञानको कमी, विषयवस्तुमा आदि, मध्य, अन्त्य भागको संयोजनको अभाव,समय सीमाको ख्याल नहुनु, मनोवाद लेखन कार्यलाई हल्का रूपमा लिनु, अधिक मात्रामा काल्पनिक हुनु, मनोवाद लेखनको नियममा ज्ञानको कमी विषयवस्तु र मौलिकताको उचित तालमेल नहुनु, मनोवादको संरचना आदि, मध्य र अन्त्यको प्रष्ट जानकारी नहुनु आदि जस्ता समस्या रहेको पाइयो ।

समग्रमा विद्यार्थीहरूको मनोवाद लेखन क्षमता ३५ प्रतिशत भन्दा माथि भएकाले मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमता सन्तोषजनक नै पाइन्छ ।

## ६.३ शैक्षणिक उपयोगिता

भाषा विचार विनिमयको माध्यम हो । भाषाका दुईवटा माध्यम हुन्छन् । मौखिक र लिखित विचारहरू लिपिबद्ध बनाउने काम लिखित भाषाले गर्दछ । भाषाका चारवटा सीपहरूमध्ये लेखाइ सीपले मौखिक भाषालाई औपचारिकता प्रदान गर्दछ । कुनै पनि व्यक्तिले आफूले जाने बुझेका, देखे सुनेका कुराहरूलाई पछिसम्म स्मरणका लागि राखिराख्न र पुन प्रयोगमा ल्याउन लेखाइ सीपले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यार्थीले पढेका, जाने बुझेका, सुनेका, भोगेका कुराहरूलाई संरचनात्मकतामा केन्द्रित भएर संगठित रूपमा प्रस्तुत गर्न मनोवाद लेखनको आवश्यकता पर्दछ । लेखन सीपको महत्त्वपूर्ण कला मनोवाद लेखन हो । विद्यार्थीहरूमा लेखन शब्द भण्डारगत क्षमता अभिवृद्दि गर्न मनोवाद लेखन उपयोगी मानिन्छ । विभिन्न विषयका अभिव्यक्तिहरूलाई प्रसङ्गानुकूल भाषिक शैलीको छनोट गर्ने क्षमता विकास गर्न मनोवाद लेखन उपयोगी मानिन्छ ।

कुनै पनि विषयवस्तु वा शीर्षकमा केन्द्रित भएर गहन रूपले सिर्जनात्मक र मौलिकता प्रदान गर्न मनोवाद लेखनको आवश्यकता पर्दछ । मनोवाद लेखनले विद्यार्थीहरूले गर्ने व्याकरणात्मक वर्णविन्यासीय त्रुटि निराकरणमा सहयोग पुऱ्याउँदछ ।

भाषाका चारवटा सीपहरूमध्ये सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपहरू मध्ये लेखाइ सीप एक महत्त्वपूर्ण सीप हो । लेखन सीप विकासका लागि मनोवाद लेखन पनि विशिष्ट कार्यकलाप अन्तर्गत पर्दछ । मनोवाद लेखनबाट विद्यार्थीहरूको मनमा भएका विचार र भावनाहरूलाई सिर्जनात्मक रचनात्मक तरिकाले बाहिर ल्याउन सहयोग गर्दछ । यस अध्ययनको उपयोगिताहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- विद्यालय तहमा मनोवाद शिक्षण गर्नुको मूल उद्देश्य लिखित तथा मौखिक सीपको विकास गर्नु भएकाले बौद्धिक क्षमताको विकास गर्न प्रस्तुत अध्ययनबाट सहयोग मिल्ने छ ।
- यस अध्ययनबाट विद्यालय तहमा नेपाली भाषा पाठ्यक्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग मिल्नेछ ।
- प्रस्तुत अध्ययन भाषा पाठ्यक्रममा समावेश गरिने चार सीपको उद्देश्यहरू पूरा हुने गरी छनोट तथा विधागत क्षेत्र निर्धारण गर्न सहयोग मिल्नेछ ।

- यस अध्ययनले विद्यालय तहका रूपक विधा अन्तर्गत पर्ने मनोवाद शिक्षण प्रक्रियाको आवश्यकतालाई बोध गराउने छ ।
- यस अध्ययनबाट विद्यार्थीहरूको मनोवाद लेखनमा पात्र, समय, स्थान, विषयप्रवेश, संरचना, प्रस्तुति, वाक्यगठन, वर्णविन्यास र मौलिकताका बारेमा बोध गराउने छ ।
- विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको पहिचान र कमी कमजोरीहरू पत्ता लगाउन ।
- मनोवाद लेखनप्रति विद्यार्थीहरूको रूचि वृद्धि गर्न ।
- मोरङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको जानकारी प्राप्त गर्न ।
- लेखाइ क्षमताको मूल्याङ्कन गर्न सहयोग मिल्ने छ ।
- भाषिक सीपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न भावी अध्येतालाई सहयोग गर्नेछ ।
- मनोवाद लेखन क्षमतासँग सम्बन्धित अनुसन्धान अध्ययनका लागि आधार बन्नेछ ।

### ६.३.१ नीतिगत तह

मनोवाद लेखन लेखन क्षमता अभिवृद्धि गर्नका लागि निकै महत्त्वपूर्ण विषय मानिएको छ । जसको अभ्यासबाट विद्यार्थीहरूका आफ्ना मनमा लागेका विषयहरूमा स्वतन्त्र तरिकाले व्यक्त गरी लेखन सीपमा विकास पुग्दछ । यो भाषाको शुद्धिकरण लेख्य चिह्नहरूको प्रयोग गर्न समेत यसको महत्त्व सर्वोपरी रहेको छ । अतः नीतिगत तहमा मनोवाद लेखनका उपयोगितालाई बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ ।

- नेपाली भाषाको विकास गर्न,
- विद्यालय तहका पाठ्यपुस्तकहरू निर्माण गर्दा विद्यार्थीहरूको मनोविज्ञानलाई ख्याल गरी उनीहरूको रुचि अनुसारको पाठ्यपुस्तकको निर्माण गर्न,
- भाषा शिक्षणका नयाँ विधि तथा पद्दतिको बारेमा नीति बनाउन,

- नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकलाई समय सापेक्ष बनाउन,
- भाषा पाठ्यपुस्तकमा मनोवाद लेखन शिक्षणको अपरिहार्यतालाई दर्साइ मनोवाद लेखन अभिवृद्धि गर्न,
- भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तकमा समावेश गरिने भाषाका सीपहरू विद्यार्थीहरूको विविधता हेरी समावेश गर्न ।

### ६.३.२ प्रयोगगत तह

मनोवाद लेखन रूपक विधा अन्तर्गत पर्ने एक महत्त्वपूर्ण विधा भएपनि विद्यालय तहमा मनोवादलाई अन्य विधालाई जस्तो स्थान नदिएको देखिन्छ । विद्यार्थीहरूमा स्वतन्त्र लेखन र रचनात्मक लेखनको विकासका लागि र अभिनयात्मक प्रस्तुतिका लागि यो विधा निकै प्रभावकारी विधा हो तर विद्यालय तहको कक्षा आठमा यसलाई समावेश नगरिनु दुर्भाग्यको कुरा हो । समग्रमा मनोवाद लेखनको उपयोगितालाई निम्नानुसार देखाउन सकिन्छ ।

- प्रस्तुत शोधपत्रले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई मनोवाद लेखन सीप विकासका लागि सहयोग पुऱ्याउँदछ,
- यस शोधपत्रले विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षण गराउदा विषय शिक्षकलाई भाषिक सचेतको बारेमा थप सहयोग पुग्दछ,
- विद्यार्थीहरूमा स्वतन्त्र लेखन क्षमताको विकास गर्न,
- विद्यार्थीहरूमा नियमसंगत लेखनमा अभ्यास गराउन,
- यस अध्ययनले विद्यार्थीहरूलाई लिखित तथा मौखिक अभिव्यक्तिमा सक्षम बनाइ स्वभाविक ढङ्गबाट कार्य सफल बनाउन,
- विद्यार्थीहरूमा मनोवाद लेखन जस्तै भाषिक सीपहरूसँग सम्बन्धित अन्य खालका विधामा लेखन गर्न र भावी अध्येतालाई यस्ता विषयमा अध्ययन गर्न सहयोग मिल्ने,
- विद्यालय तहको पाठ्यक्रम निर्माण गर्दा विद्यार्थीहरूको तह, उमेर, रुचि, मनोवैज्ञानिक पक्षलाई समेटेर बनाउनु पर्ने कुराहरूको सुझाव दिन,

- यस अध्ययनबाट शिक्षासँग सम्बन्धित विभिन्न सरोकारवालाहरूलाई अपेक्षाकृत सहयोग पुग्नेछ,
- विद्यार्थीहरूको लेखन सीपको विकास गराउँदा व्याकरण र वर्णविन्यासगत त्रुटिहरूको निराकरणमा सहयोग पुऱ्याउँदछ,
- शिक्षण क्रियाकलापलाई उद्देश्यमुखी बनाउन सहयोगी बन्नेछ ।

# सन्दर्भ सामग्री


काफ्ले, चूडामणि र विश्वराज काफ्ले (२०६५), *नौलो नेपाली व्याकरण रचना र अभ्यास,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

किरण, प्रभाती र अन्य (२०७२), *निबन्ध रचना र शिल्प,* काठमाडौँ : हाइल्यान्ड प्रा.लि ।

के.सी. सन्तोष (२०७४), द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन* नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

खतिवडा, काशीराज (२०६४), *कक्षा सात पुरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

खनाल, भुमादेवी (२०७३), *काठमाडौँ जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

घिमिरे, तुलसीराम (२०६६), *काठमाडौँ जिल्लाका कक्षा नौमा अधययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

ढकाल, खगेन्द्र (२०७३), *सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६२), *नेपाली भाषा शिक्षण र प्रयोग,* काठमाडौँः मनकामना बुक्स एन्ड स्टेशनरी ।

तिम्सिना, अशोक (२०७०), *इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नोत्तर लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

धामी, शिवराज (२०७३), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

न्यौपाने, दुर्गादेवी (२०७२), *स्याङ्जा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

न्यौपाने, सुशिला (२०७०), *ललितपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको व्याख्या लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

निरौला, दिपकबाबु (२०६२), कक्षा *नौ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

पोखरेल, निर्मला (२०७०), *पाल्पा जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन ,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

पोखरेल, सरिता (२०७४), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

पोखरेल, सीता (२०७४), *कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०),*भाषिक विधा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा लि ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६३) *माध्यमिक नेपाली व्याकरण र अभ्यास,* काठमाडौँ : तलेजु प्रकाशन ।

बिष्ट, मंगला (२०७३), *काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँः शुभकामना प्रकाशन प्रा.लि.।

भण्डारी, द्वारिका (२०६३), *कक्षा आठ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

भण्डारी, रेणुका (२०६६), *कक्षा एघारमा अध्ययनरत विद्यार्थीको सारांश लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

भुसाल, केशव (२०७१), *भाषाविज्ञान,* काठमाडौँ : पाठशाला पब्लिकेसन ।

राई, कैलास (२०७३), *ललितपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा विभाग, त्रि.वि. कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य, (२०६८), *सामान्य भाषा विज्ञान,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, रमेश (२०७३), *लमजुङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा विभाग, त्रि.वि.कीर्तिपुर ।

श्रेष्ठ, धीरकुमार र भेषराज पोखरेल (२०६८), *प्रयोगात्मक नेपाली व्याकरण र रचनाशिल्प* काठमाडौँ : बुद्ध एकेडेमिक पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा लि ।

श्रेष्ठ, शोभा (२०६८), *धादिङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

शाही, विष्णु (२०६७) *चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

सापकोटा, रमा (२०६७), *काभ्रे जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

सुनुवार, सन्तोषी (२०७४), *सिन्धुली जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

## परिशिष्ट क)

**मनोवाद लेखनको अध्ययनमा छनोट भएका वा उपयोग गरिएका प्रश्न**

१. जिल्ला स्तरीय निबन्ध प्रतियोगितामा प्रथम हुँदा मनमा खेलेको तर्क वितर्कहरू समावेश गरी एउटा निबन्ध तयार पार्नुहोस् ।

## परिशिष्ट (ख)

## मनोवाद लेखनको मूल्याङ्कन फाराम

| क.सं | मूल्याङ्कनका पक्षहरू | पूर्णाङ्क |
|---|---|---|
| १ | विषयवस्तु | ९ |
| २ | संरचना तथा क्रमबद्धता | ३ |
| ३ | प्रस्तुति तथा शैली | ३ |
| ४ | वाक्यगठन | ३ |
| ५ | वर्णविन्यास | २ |
| | जम्मा | २० |

## परिशिष्ट (ग)

## तथ्याङ्क संकलनका लागि छनोट गरिएका विद्यालयहरू

| क.सं | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री शान्ति भगवती उ.मा.वि | लेटाङ न.पा ४, मोरङ |
| २ | श्री मच्छिन्द्र उ.मा.वि | केराबारी गाउँपालिका १, मोरङ |
| ३ | श्री कुवापानी आधारभूत विद्यालय | केराबारी गाउँपालिका १, मोरङ |
| ४ | श्री माध्यमिक विद्यालय | जाँते ९,मोरङ |
| ५ | श्री शिक्षा विकास मा. वि | लेटाङ १० खेरुवा मोरङ |
| ६ | के.यू एकेडेमी | केराबारी गाउँपालिका १, मोरङ |
| ७ | लिटल फ्लावर बोर्डिङ स्कुल | लेटाङ न.पा ३, मोरङ |
| ८ | पूर्वाञ्चल अल्मामेटर होम | लेटाङ न.पा ४, मोरङ |
| ९ | ग्यालेक्सी एकेडेमी | लेटाङ न.पा ३, मोरङ |
| १० | ग्रीनभ्याली एकेडेमी | लेटाङ न.पा ४, मोरङ |

**सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको नामावली र विवरण**

**संस्थागत विद्यालय**

**ग्रीन भ्याली एकेडेमी**

| | |
|---|---|
| १. अनिस मगर | ६. बर्षा सुब्बा |
| २. साहिल बस्नेत | ७. पिया राई |
| ३. अंकित अधिकारी | ८. ममता राइ |
| ४. जेम्स राई | ९. दिव्या लिम्बु |
| ५. देवाशिस विश्वास | १०. गौरी श्रेष्ठ |

**पूर्वाञ्चल अल्मामेटर होम**

| | |
|---|---|
| १. मुकेश वस्ती | ६. कौशिला मगर |
| २. निशान तामाङ | ७. इशा श्रेष्ठ |
| ३. सोनु शाह | ८. नबिना तामाङ |
| ४. करण लामा | ९. लिडिया राई |
| ५. निरोज श्रेष्ठ | १०. सुभेक्षा गौतम |

**लिटल फ्लावर इङ्लिस स्कुल**

| | |
|---|---|
| १. मनिष पौडेल | ६. सन्जिता मगर |
| २. सन्जोक खनाल | ७. नबिना श्रेष्ठ |
| ३. महेश मगर | ८. लक्ष्मी राई |
| ४. सेक्टर लिम्बु | ९. बन्दना बि.क |
| ५. तेजकुमार श्रेष्ठ | १०. रमिता राई |

**ग्यालेक्सी बोर्डिङ स्कुल**

१. खुबिन लिम्बु
२. अनिस राई
३. युदिन मोक्तान
४. सुगम वस्ती
५. सुधन दाहाल
६. सोनी नुर
७. रूपा लिम्बु
८. स्वस्तिका खड्का
९. सुमी मगर
१०. रोजिना श्रेष्ठ

**के. यु. एकेडेमी**

१. नगेन लम्बु
२. सिद्धार्थ गौतम
३. कृतन तिम्सिना
४. सुबिन श्रेष्ठ
५. सुजन राजवंशी
६. आस्था न्यौपाने
७. रेनुजा राई
८. अपेक्षा श्रेष्ठ
९. पद्मा श्रेष्ठ
१०. श्रेया गुरूङ

## सामुदायिक विद्यालय

**श्री शान्ति भगवती उच्च माध्यमिक विद्यालय**

१. आर्यन अधिकारी
२. क्रिस तामाङ
३. किशान राई
४. अनुप बि.क
५. इशाक मगर
६. उमा प्याकुेल
७. सरु सुब्बा
८. आकृति दर्जी
९. नेस्मा राई
१०. अनुस्का राई

**श्री मच्छिन्द्र माध्यमिक विद्यालय**

१. सौरब तामाङ
२. राकेश तामाङ
३. रोशन तिवारी
४. स्वागत नेपाल
५. जेनिश गिरी
६. झरना कटुवाल
७. निशा कुलुङ
८. एलिसा राई
९. होमा बि.क
१०. जेम्स राई

**श्री कुवापानी निम्न माध्यमिक विद्यालय**

१. दिपेन पोखेल
२. अर्जुन दाहाल
३. मानव लिम्बु
४. राम प्रसाद राइ
५. जेकी तामाङ
६. अप्सरा रिजाल
७. सञ्जमाया तामाङ
८. दिक्षा लिम्बु
९. सोनु लिम्बु
१०. ट्रिजा तामाङ

**श्री माध्यमिक विद्यालय**

| | |
|---|---|
| १. शार्दुल भट्टराई | ६. अञ्जली राई |
| २. निशान परियार | ७. प्रतिक्षा थापा |
| ३. सन्तोष श्रेष्ठ | ८. अनुमगर |
| ४. साकार बि.क | ९. कौशिला तुम्सा |
| ५. प्रविण खवास | १०. स्वस्तिका थापा |

**श्री शिक्षा विकास माध्यमिक विद्यालय**

| | |
|---|---|
| १. सबिन मगर | ६. सावित्रा कार्की |
| २. निशान परियार | ७. स्भेनजेलिना श्रेष्ठ |
| ३. अनुप पोखेल | ८. उर्मिला रोक्का |
| ४. रोजिन बान्तवा | ९. प्रशंसा तामाङ |
| ५. सुरज थापा | १०. पवित्रा सुनार |

# व्यक्तिवृत

| | | |
|---|---|---|
| नाम | : | अनुसा राई |
| जन्ममिति | : | २०४९/०३/१८ |
| बुवा | : | शिवराम राई |
| आमा | : | सरस्वती राई |
| स्थायी ठेगाना | : | लेटाङ, मोरङ |
| लिङ\ग | : | महिला |
| राष्ट्रियता | : | नेपाली |
| भाषा | : | राई, नेपाली |
| धर्म | : | किरात |
| सम्पर्क नम्बर | : | ९८६०४६१६५५ |

शैक्षिक योग्यता

| क्र. सं. | तह | विद्यालय/क्याम्पस | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | प्रवेशिका | श्री शान्ति भगवती उ.मा.वि लेटाङ | २०६४ | द्वितीय |
| २ | प्रवीणता प्रमाणपत्र (+२) | श्री शान्ति भगवती उ.मा.वि लेटाङ | २०६७ | पास |
| ३ | स्नातक | लेटाङ बहुमुखी क्याम्पस | २०७० | द्वितीय |
| ४ | स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ | २०७४ | |